CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्र-शास्त्र

ज० धनशमशेर ज० ब० राणा

-४५४
१५ त

नेपाल एकेडेमी

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्र-शास्त्र

ज० धनशमशेर ज० ब० राणा

नेपाल एकेडेमी

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक—
नेपाल एकेडेमी
काठमान्डू, नेपाल ।

शर्तबमोजिम सर्वाधिकार प्रकाशकमा निहित

प्रथम संस्करण: २०१८ वि०

२९४.५४५
म १५.त

९१३०

मुद्रक:—
नरेन्द्र यन्त्रालय
काठमान्डू, नेपाल ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज
चान्सलर, नेपाल एकेडेमी

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

श्री:

ROYAL PALACE
Kathmandu. Nepal
Date. मि. सं. २०१५.

हिमवत्खण्डले साहित्य, कला र ज्ञान-विज्ञानको क्षेत्रमा अतीत कालदेखि दिइ आएको विशेष योगदानको महत्वलाई सबैले बुझेकै छन् —
ऐतिहासिक कारणहरूले गर्दा त्यस परम्परामा बीचमा पर्न आएका व्यवधानलाई अब पन्छाएर नेपाल एकेडेमी देशको मौलिक परम्परालाई युगानुकूल बाटोमा अग्रसर गराउन चाहन्छ —
यसको प्रयत्नले देशका आवश्यकताहरूको क्रमशः पूर्ति गर्नेछ, र साथै देशान्तरमा पनि हाम्रो जीवनको परिचय दिनेछ भन्ने आशा गर्दछु —

श्री ५ महाराजाधिराज,
चान्सलर.
नेपाल एकेडेमी

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

सृष्टिका अनन्त रहस्यहरूको जिज्ञासा, ज्ञान र व्याख्याको क्रमसित तन्त्र-विद्याको सबभन्दा पुरानो सम्बन्ध छ। सृष्टिको उत्पत्ति,स्थिति र विनाशका अभेद्य, अज्ञात रहस्यलाई तन्त्रको माध्यमद्वारा बुझ्ने-बुझाउने प्रयत्न केवल आर्यहरूले मात्र गरेका होइनन्— विश्वका समस्त जाति र तिनका प्रचलित धर्ममा यसभन्दा दृढ र व्यापक अर्को कुनै समान तत्त्व नहोल ।

तन्त्रका क्षेत्रमा नेपालको प्रसिद्धिको आफ्नै इतिहास छ । नास्तिक र आस्तिक—दुवै सम्प्रदायमा नेपालको ख्याति विशेष गरी तन्त्रकै आधारमा भएको देखिन्छ। आज पनि यस शास्त्रका अध्येताका लागि नेपाल अत्यन्त आकर्षक केन्द्र छँदैछ ।

प्रस्तुत ग्रन्थका रचयिता ज० धनशमशेर ज०ब०रा० तन्त्र-विषयक ज्ञान र साधनका निमित्त देश-विदेशमा विशेष प्रसिद्ध हुनुहुन्छ, र यस विषयका उहाँका कृतिहरू पनि प्रसिद्ध छन । उहाँको प्रस्तुत ग्रन्थले यस जटिल विषयमा अझ केही प्रकाश पार्नेछ भन्ने आशा गर्दछु ।

कान्तिपुर,
२०१८ वि०

—बालचन्द्र शर्मा
भाइस-चान्सलर
नेपाल एकेडेमी

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

हाम्रो देश नेपाल वेद र बुद्धको देश हो भनेर हामी भन्दछौं, परन्तु यहाँ न वैदिक यज्ञ–यागादिको विस्तार–चिन्ह पाउँछौं न बौद्ध भिक्षु–खुल्दा अहिंसावादी लक्षण। यी दुवै हाम्रा प्राचीनतम विषय हुन्। हिजो–आजको नेपालमा जुन संस्कृति, जुन कला छन्, दैनिक जीवनमा जुन जात्रा–मात्रा अनि चाड–पर्व देखिन्छन ती केही हिन्दू पौराणिकतामा आधारित छन्, तर मुख्यतः ती तान्त्रिक नै हुन्। मन्दिर–मन्दिरमा, घर–घरमा, बाटो–बाटोमा हामी हाम्रो तन्त्र पाउँछौं। यहाँ इन्द्र वा रुद्र वा विष्णु सब वैदिक रूपमा होइन तान्त्रिक रूपमा छन्। यस्तो आफ्नो मौलिक संस्कृति, कला तथा गौरव भएको तन्त्र बुझ्ने अथवा अध्ययन गरेर बुझ्न खोज्ने मान्छे पाउनु दुर्लभ जस्तो भएको वेलामा दाज्यैज्यू श्री ज० धन समशेर ज० व० रा० बाट तन्त्रका पुस्तकहरू निस्केको देख्ता नेपाली हृदय हर्षोत्फुल्ल हुनु स्वाभाविक कुरा हो। संस्कृत हाम्रा स्कूलमा पढाइन्छ, सब पछि नचाहिने विषय संझी संस्कृतलाई विर्सेर अङ्ग्रेजीतिर अगाडि वढ्दछन्, अंग्रेजी स्कूलहरूको यस्तो अवस्थामा पनि वहाँले पहिल्यैदेखि संस्कृतपट्टि रुचि बसाली अध्ययन बढाई रौद्रीयव्याकरण बनाउनु सुयोग्य कुरा थियो। त्यसैको परिणाम आज पुराना तान्त्रिक पुस्तक बुझ्न वहाँलाई सजिलो हुनगयो।

तान्त्रिक सिद्धिको विषयमा उहाँको जुन विश्वास तथा सिद्धान्त छ त्यसमा विद्वान्हरूको मत–भेद हुन सक्तछ। उहिले गरिएका तान्त्रिक पुरश्चरणबाट जो घटना घटे ती वास्तविक घटित भएका हुन् अथवा काकतालीय हुन्— त्यस विषयमा चर्चा गर्न, वादविवाद गर्न सब स्वतन्त्र छन्। परन्तु इतिहास

CC-0. In Public Domain. Digitization by eGangotri

त यहाँ छ। हामीले नजानी भ्रमले केही कुरा गरेका रहेछौं भने पनि त्यो भ्रम नै हाम्रो इतिहास बन्दछ, त्यस भ्रमको अस्तित्व मेटिंदैन। तसर्थ कुनै वस्तुलाई उपयोगी छ-छैन भनेर छुट्टयाउनुभन्दा अगाडि त्यो वस्तुलाई हामीले जान्नु आवश्यक पर्दछ।

जे छ त्यो त यस्तै छ। काल जति भिन्न भए पनि आकाश त उस्त छ। आजकाल हामी वैज्ञानिक युगमा छौं भन्दछौं, तर सूर्य तान्त्रिक युगमा पनि उस्तै थिए जस्तो अहिले छन्। केवल सूर्यलाई हेर्ने दृष्टिकोण फरक हुन्छ सापेक्ष सत्य बदलिन सक्छ तर ऋतम् अथवा अपेक्षारहित सत्य त उस्तै रहन्छ। तसर्थ हामीलाई यो जान्नाको आवश्यक रहन्छ— तान्त्रिक समयमा विद्वान्हरूको धारणा के थियो, दर्शन के थियो, उनको उपदेश हामीलाई के छ ? उनको कला अवश्य सांकेतिक कला थियो, आज त्यो गंभीर अध्ययन बुझ्न सकिंदैन। एक त उनीहरू विद्यालाई गोप्य राख्न चाहन्थे किन भने त्यस वेला त्यसै गर्नु पर्ने आवश्यक हुँदो हो, अर्को ती विद्यालाई सूत्र रूपमा राख्तथे, अझ अर्को समयले गर्दा उनको संझाउने रीति र हाम्रोमा धेरै अन्तर पर्न गएको छ। यी सब कारणले गर्दा तन्त्र-विद्या अत्यन्त गहन हुन गएको छ। जेहोस् आफ्नो हुँनाले त्यो जान्नु अत्यावश्यक छ। सो तान्त्रिक दर्शन नजानुन्जेल हाम्रो ऐतिहासिक, साहित्यिक, भौगोलिक, कलात्मक आदि सबतिरको ज्ञान अपूर्ण नै रहन्छ। त्यसैले मात्र पनि उहांको यस पुस्तकलाई म मुक्त कंठले प्रशंसा गर्दछु।

यस विषयमा चाख लिने परदेशी विद्वानहरू पनि छन् ती पर्यटक यात्रीहरूले आएर हाम्रा प्राचीन चित्र, मूर्ति तथा

CC-0. In Public Domain. Digitization by eGangotri

आलयका अरू विषयमा सोद्धा हामीले त्यसको उत्तर सप्रमाण विश्वास लाग्दो रूपले उनलाई दिन सक्नु पर्दछ । हाम्रा कतिपय उहिलेका विशेषज्ञहरू जे कुरा पनि गोप्य राख्न चाहन्थे, आफ्नै छोरालाई पनि उनीहरू हेरी, बुझी मात्र सिकाउँथे, त्यसो हुँदा कति विद्या विद्याकै रूपमा पुस्तकैमा रहन गए, कति पुस्तक तिनको महत्त्व नजान्नाले परदेशीहरूका हात परे, कति विद्याको अनुभवसहितका साधन ती कपटी विशिष्ट विद्वान्सितै मरे । पं० कोमलनाथजीले गीताको अनुवाद गरेको पनि अझै नसहनेहरूको समाज भएको हम्रो देशमा श्री धनशमशेर दाज्यैज्यूले आफ्नो हृदयद्वार उदाङ्ग पारी कैयौं गोप्य विद्यालाई यसरी भाइहरूको समक्ष राखिदिनु सारै ठूलो कुरा हो, उहाँलाई धन्यवाद उपहार गर्न नेपालले पनि आफ्नो हृदयमा संकुचित भावनालाई स्थान दिनेछैन । यस्तै अरू-अरू पुस्तको निंति हामी सब दाज्यैज्यूको सुख-सन्तोषमय दीर्घायु चाहन्छौं भन्दा मलाई सब दाज्यू-भाइको स्वीकृत त्यसै प्राप्त हुँनेछ ।

ज्ञान-विज्ञानसहितको हुनु पर्दछ भने तन्त्र पनि विज्ञान हो । तर आफ्नै किसिमको, जस्तो अत्याधुनिक पाश्चात्य कविताको मूल हामी वेदमा पाउँछौं । त्यस्तै अत्याधुनिक चित्र वा मूर्तिको मूल पनि हामी तन्त्रमा पाउँछौं । हाम्रो प्राचीन कला कहिल्यै सोझो, स्वाभाविक यूनानी पद्धतिको थिएन— सँधै ती गुह्य, अमूर्त, भावनात्मक तथा सांकेतिक रहे । तिनको परंपरा टुट्यो भने ती पछि राम्रै नबुझिने हुनजान्छन् । तसर्थ समस्त बाहिरी विषयलाई छोडेमा पनि तन्त्र-शास्त्रको मनन र चिन्तनसहितको गंभीर अध्ययन आवश्यक छ—-नेपालको

CC-0. In Public Domain. Digitization by eGangotri

गौरव र वैभवको निमित्त पनि । ती महात्माहरूले कति अन्त-स्तलको भित्र–भित्र गएर आजकालका वैज्ञानिक साधनविना केवल मानसिक साधनाले परम तत्त्वहरूको संश्लेषण र विश्ले-षण गरेका छन् ? त्यस विषयमा त यही पुस्तकले स्वयं बोल्ने हुनाले मैले त्यसमा डुबुल्की मारी लेख लम्याउन चाहिन ।

केवल म यति भन्दछु कि यस्तो पुस्तकले महाविद्यालय तथा स्कूलहरूका पनि पाठ्यपुस्तक बनेर छात्र–छात्राहरूको यस-तिर अनुसन्धान गर्ने अभिरूचि बसाल्नु पर्दछ ।

यस्तो उच्चपुस्तकको निति छोटै भए पनि यति परिचय लेख्ने अवसर पाउँदा म गौरवान्वित भएको छु । सदैव नवीन आलोक दिइरहने नित्य तन्त्रको जय !

जय नेपाल !

बालकृष्ण सम
सदस्य,
नेपाल ऐकेडेमी

ज्ञानेश्वर
०१८ चैत्र १६

CC-0. In Public Domain. Digitization by eGangotri

श्री गणेशाय नमः

ॐ नमः श्रीपरदेवतायै

श्री तन्त्रशास्त्रका आदि गुरुहरूले यसका दुइ भाग गरेका छन् । ती हुन्–१. ज्ञानखण्ड, र २. विज्ञानखण्ड । उक्त ज्ञानखण्ड दुइ भागमा विभाजित छ, र उपासना काण्ड तथा विचार काण्ड—तिनलाई संज्ञा दिइयो । उपासना काण्ड पनि बहिर्याग (जप-पाठ) र अन्तर्याग (योगाभ्यास) दुइ अंगमा विभाजित छ । उता विचार खण्ड सांख्य, मीमांसा, न्याय, वैशेषिक, पातञ्जल र वेदान्त ६ अंगमा विभाजित भएको पाइन्छ । विज्ञान खण्डलाई मनोविज्ञान र कर्मविज्ञान दुइ शाखाहरुमा बाँड़िएको पाइन्छ । मनोविज्ञानचाहिं मन्त्रशास्त्र, ज्योतिषशास्त्र तथा आत्मसाधन शास्त्रको मूलका रूपमा देखिन्छ । कर्मविज्ञानबाट शिल्प शास्त्र, रसायन शास्त्र तथा चिकित्सा शास्त्रको जन्म भयो । मन्त्रशास्त्रमा पनि मातृकाविलास र मन्त्रप्रयोग भन्ने दुइ शाखा छन् । यस्तै गरी यी पूर्वोक्त शाखाका पनि शाखा–उपशाखाहरु भने । यीमध्ये ज्ञान खण्डको

CC-0. In Public Domain. Digitization by eGangotri

उपासना काण्डको विषय हाम्री जननी नेपालले श्री ५ महाराजाधिराज प्रताप सिंह शाह देवद्वारा साररूप 'पुरश्चर्यार्णव' नामको तीन खण्डमा विभाजित ग्रन्थरत्न प्रकाश गरेर आफूलाई तान्त्रिक देश साबित गराएकी थिइन्। हालमा श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देवको उदयमा मौसूफको छत्रच्छायामुनि बसी अल्पज्ञले बालकले चन्द्रमालाई डाकेजस्तो गरी विज्ञानखण्डको मन्त्रशास्त्रजस्तो गहन विषयमा कलम चलाउने साहस गरिरहेको छु। गर्ने–गराउने उनै जगज्जननी जगदम्बा हुन्, उनले जो गर्लिन्।

श्रुति वा वेदले ठाउँ-ठाउँमा आगम वा तन्त्रका मन्त्रहरूको वर्णन र तन्त्रले ठाउँ–ठाउँमा वेदका मन्त्रको वर्णन, फेरि दुवैले प्रणव ॐ-कारको वर्णन गरेबाट यी दुवै समकालीन रहेछन् भन्ने साबित हुनआउँछ। शास्त्रले पनि यस्तो भन्छ :—

नवेदः प्रणवं त्यक्त्वा मन्त्रो वेदसमन्वितः।
तस्माद्वेदपरो मन्त्रो वेदांगश्चागमःस्मृतः॥

यसबाट यो स्पष्ट अनुमान गर्न हुन्छ कि आदि तन्त्रशास्त्र, जसले श्रुतिको साथसाथै जन्म लियो, त्यसमा पछि-पछि पनि अनुभवी गुरुहरूबाट विविध कुराहरू

CC-0. In Public Domain. Digitization by eGangotri

थप्दै सजिलो र स्पष्ट रूपले वर्णन गर्न थाल्दा तन्त्र शास्त्र❀शाखा र उपशाखाहरूले गर्दा धेरै विस्तृत हुनगयो। तर, सारांश त उही नै थियो। उता श्रुतितिर भने चार वेद जो बने तिनमा विशेष कसैले ध्यान दिएन। यो श्रुतिलाई स्पष्टीकरण गरेको भनौं कि के भनौं? पछि विधानरूप स्मृति र ज्ञानरूप वेदान्त भन्ने दुइ शाखा बने। तर तिनको नाम वेद भन्ने रहेन। पछि चिकित्सा–विषय-को आयुर्वेद नामको अर्को वेद बन्यो। तर यसको लेखको ढाँचा वैदिक संस्कृत भाषाको लेखभन्दा निकै नै फरक देखिनाले त्यस कालभन्दा निकै पछि बनेको जस्तो बुझिन्छ। अर्को धनुर्वेद भन्ने पनि थियो। तर हाल हरा-यो। कतै-कतै कुना-काप्चामा त्यसको अलि-अलि अवशेष छ भन्ने सुनिन्छ। तर यस विषयमा विषयवस्तुको अभावले म अनभिज्ञ छु।

तन्त्रको विषयमा भने स्मृतिमा भएजस्तो विधान-लाई समयाचार भन्ने नामले वर्णन गरिएको छ। धनुर्वेद-जस्तो नै होला। शस्त्र-अस्त्रहरूको वर्णन भएको छ। ज्ञान खण्डमा अस्त्रहरूको र विज्ञानखण्डमा शस्त्रहरूको वर्णन

❀तननम्। तन्यते अनेन वा। तन् विस्तारे ष्ट्रन्। यद्वा तन्त्रणं। तन्त्र्यते वा। तन्त्रि धारणे घञ्। अर्थात् विस्तार गर्ने। अथवा धारण गर्ने (सबै कुरालाई)।

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको छ। तन्त्रले यन्त्रहरूको विस्तृत वर्णन गरेको छ। धारण यन्त्रको* मनोविज्ञान खण्डमा, कर्मयन्त्रको† कर्म विज्ञान खण्डमा र पूजनयन्त्रको‡ उपासना काण्डमा वर्णन भएको छ। चिकित्साको विषयमा पनि तन्त्रमा स्थान भएको पाइन्छ, जस्तो दत्तात्रय ऋषिले दत्तात्रय तन्त्रको रचना गर्नुभएको पाइयो। पाश्चात्य विद्वान् सर जॉन उड्रफको नाम त धेरैजस्ता पाठकहरूमा विदितै होला, उहाँका लेखहरूबाट यो स्पष्ट हुनआउँछ कि तन्त्रशास्त्र आदि वैदिक कालदेखि ईसवी सन् १७००-सम्म विस्तृत हुँदै गएको थियो। त्यस कारणले राम्ररी अध्ययन गरेर तन्त्रशास्त्रको खोजी गरेको खण्डमा यसमा जे खोजे पनि पाइन्छजस्तो लाग्दछ। यसलाई एक प्रकारको मनचिन्ते झोली भने पनि हुन्छ। यसबाट वैदिक कालदेखि हालसम्म आर्यहरूको धर्म, कर्म, संस्कृति, व्यवहार र परम्परा तथा रहनसहन औ चाल-चलन सबैको अध्ययन हुन्छ।

अक्षांश-देशान्तरका दृष्टिकोणले यो जम्बूद्वीप, जसमा वर्तमान भारतवर्ष, पाकिस्तान, नेपाल,

---

* लगाउने अर्थात् पहिरने यन्त्र जसलाई नेपालीमा जन्तर भन्दछन्। † कल-पुर्जा, मशीन जसबाट विभिन्न वस्तु उत्पन्न हुन्छन्। ‡ देवताको रूप सम्झेर त्यसमा पूजा हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

आदि सम्मिलित थिए, तीन भागमा विभाजित गरिएको पाइन्छ । ती यस प्रकार छन्ः—गौड, केरल र काश्मीर। यी तीनै प्रदेश तीन विभिन्न सम्प्रदाय-का प्रतीक हुन् र सोही आधारमा यिनको नामकरण पनि भएको हो, तथा तीनओटै फरक-फरक किसिमको विधान र संस्कृतिका द्योतक हुन् । त्यसबारेमा संकेत यस प्रकार भएको पाइन्छः—

केरलश्चैव काश्मीरो गौडमार्गस्तृतीयकः ।
षट्पंचाशद् देशभेदात् सर्वत्रव्याप्य तिष्ठति ॥
अष्टादशषु देशेषु गौडमार्गः प्रकीर्तितः ।
नेपालदेशमारभ्य कलिंगान्तं महेश्वरि ॥
केरलाख्यः क्रमः प्रोक्तस्तूनविंशति देशके ।
आर्यावर्तसमारभ्य समुद्रान्तं महेश्वरि ॥
तदन्यदेशे देवेशिकाश्मीराख्यः क्रमः शुभः॥

(इति शक्तिसंगमतन्त्रवचनम्)

उपर्युक्त उक्तिबाट यो साबित हुनजान्छ कि "शक्ति संगमतन्त्र"-को जन्म हुने वेलामा सम्पूर्ण जम्बू-द्वीप ५६ भिन्नाभिन्नै देशहरूमा विभाजित थियो। त्यसमध्ये नेपालदेखि कलिंगसम्म १८ देश रहेछन्। त्यहाँ प्रायः एउटै रीति-थिति र संस्कृति र परम्परा भएको एउटा सम्प्रदाय गौड नामबाट प्रसिद्ध भएको

CC-0. In Public Domain. Digitization by eGangotri

थियो। आर्यावर्तदेखि समुद्रपर्यन्त १६ देश रहेछन्। त्यसलाई केरल सम्प्रदायको संज्ञा दिइयो र बाँकी १६ देशहरू काश्मीर सम्प्रदायमा निहित भएका देखिन्छन्। यी विभिन्न परम्परा भएका देशहरूको चालचलन व्यवहार, रीतिथितिमा विभिन्नता भएको कारण पनि स्पष्ट छ। विश्लेषणले यी विभिन्न साम्राज्य-हरूको नामकरणको कारण पृथक्–पृथक् राजधानीहरू हुन् भनेर पनि भन्न सकिन्छ। तर नामकरणको कारण जे भए पनि यी विभिन्न सम्प्रदायहरू र तदनुसार विभिन्न साम्राज्यहरूको तत्कालीन अस्तित्वमा कुनै प्रकारको शंका भएको देखिँदैन। यसै प्रकार अगाध तन्त्रको खोजी भएमा प्राचीन इतिहासको उद्घाटनमा पर्याप्त सहायता मिल्न सक्ने कुरा स्पष्ट छँदै छ। तर दुइ–चार पुस्तिकाहरूको अध्ययनबाट इतिहासको सिंहावलोकन हुन सक्दैन। यसका लागि धेरै प्राचीन ग्रन्थहरूको अव-लोकन र विशेषाध्ययनको परम आवश्यकता छ।

मैले तन्त्रमा आउने केही विषयहरूको एउटा संक्षिप्त रूपरेखा दिन खोजेको यो पुस्तिकाबाट एउटा कुराको अवश्य उद्घाटन हुन्छ। सो के हो भने–हाम्रा पुर्खा आर्य वैज्ञानिकहरूको विज्ञानमा कति भित्रसम्म दृष्टि पुगेको

CC-0. In Public Domain. Digitization by eGangotri

थियो र उहाँहरूकै पछिका सन्तानको लापरवाहीले गर्दा ती अमूल्य निधिहरू त्यसै हराएर नासिए। हाम्रो सनातन धर्मको प्रारम्भ र निगमागमको भेदबाट यस कुराको विश्लेषण गर्दा अर्कै चित्र अंकित हुनआउँछ। सर्वप्रथम हेरौं–"कुल धर्मः सनातनः" भनेको के हो ? "कुल धर्म" भनेको के हो ? त्यसैमा आधारित शब्द "कौल" भनेको के हो ? वास्तविक कुराको बोध नभई हामीहरू धेरैजसो यसमा अटकलबाजी लगाउदछौं र अन्धकारमा ढुङ्गा हान्दा सँधै हाम्रा सम्मुख गलत तसवीरमात्र खड़ा हुन सक्दछ। श्रुति स्मृतिभन्दा अघिको काल हो। मानिसहरूले विद्वान्हरूबाट निगमागम श्रवण गर्दथे र त्यसैले त्यसलाई 'श्रुति' भन्दछन्। निगमागम भनेको निगम वेद र आगम तन्त्र, र यो वेद र तन्त्र श्रुति अर्थात् स्मृति–कालभन्दा पहिलेको कालमा पनि थिए। यस प्रकार निगमागमको मार्ग वा मत अथवा धर्म नै आर्य–धर्म थियो र आदि आर्यको यो नै धर्म भई त्यस बेला सबै आर्यहरूको एउटै कुल अथवा परिवार समेत भएकोले सीमित व्यक्तिहरू निहित गर्ने आदि आर्य परिवार वा कुलको धर्म यो नैं ठहरिन गयो र त्यसै धर्मलाई 'कुलधर्म'को नामबाट हाम्रा पछिका शास्त्र–

CC-0. In Public Domain. Digitization by eGangotri

हरूले व्यक्त गरेको देखिन्छ। सनातन अघिदेखि कहिले पनि नहराउने भनेको अर्थ स्मृतिभन्दा अघिको र हालसम्म आदिकालदेखि अहिलेसम्म निगम मन्त्र गायत्री र आगम मन्त्र दीक्षा ग्रहण गरी उपासना गर्नु द्विजहरूको कर्तव्य अथवा धर्म हो। यसै कारण "आर्यसमाजी" केवल वेदको मात्र आश्रय लिने हुनाले वैदिकमात्र हुन्। बौद्ध-मार्गी वेदका आश्रित नभई निगमको आश्रय लिने हुनाले तान्त्रिक हुन। वेद र तन्त्रको प्रमाणभन्दा स्मृति र पुराणको प्रमाणलाई मुख्य मानी गायत्री र शक्ति-दीक्षा समेत नमानी उपासना गर्ने वैष्णवादिहरू स्मार्त हुन् र पुराणकै भरमा रहने पौराणिक हुन्। एवं प्रकार विभिन्न मतहरूको पछि-पछि सृजना हुन गएको देखिन्छ। वेद गायत्री र तन्त्र दीक्षाको आश्रय गर्ने (कुलोद्भवः) कौल हो। यस प्रकार यो सिद्ध हुन आउँदछ कि बौद्ध-मार्ग, आर्यसमाज वैष्णवादि मतहरू सबै कुलधर्मका शाखामात्र हुन्, स्वयं पूर्ण सनातन धर्म नै 'कुलधर्म' हो।

यी सबै मतादिको र्णन गर्ने अथवा यी विभिन्न विचारधाराहरूलाई आकार दिने वस्तुपट्टि लागौं। हाम्रा सबै शास्त्रहरूले त्यस वस्तुलाई अक्षरको संज्ञा

CC-0. In Public Domain. Digitization by eGangotri

दिएको पाइन्छ र उक्त नामकरण निरर्थक नभई पूर्णतया सार्थक छ भन्ने कुरालाई यहाँ वर्णन गरिन्छ। श्रुतिहरूले नै अक्षर कहिल्यै पनि नाश नहुने र अनादि कालदेखि अन्त्य नहुने वस्तु हो भनेका छन्। यी सबै अक्षर वर्णमाला ब्राह्मी लिपिमा आकृत भई पछि त्यसको विकास भएका प्रमाण पाइन्छन्। तर वास्तवमा अक्षरको आकृतिमात्र पछि बनेको भए पनि त्यसको अस्तित्व पहिलेदेखि नै थियो भन्ने कुराका पर्याप्त प्रमाण छन्। ती के हुन भने, लिपिबद्ध हुनुभन्दा धेरै शताब्दी पहिलेदेखि नै अक्षरहरूको श्रुति र स्मृतिमा उच्चारण भइनै रहेका स्वयं वेदहरू नै प्रमाण छन्। अक्षरको धेरै शताब्दीसम्म आकार बन्न नसकेकोले नै त्यसलाई श्रुति श्रवण गरेर अथवा सुनेर र पछि स्मृति स्मरण गरेर अथवा सम्झेर हाम्रा पुर्खाहरूले जोगाएर राखेका थिए। अक्षरको नाद अथवा आवाज र उच्चारण छँदै थियो र मानिसहरूले त्यसैबाट आफ्नो व्यवहार पनि चलाउने गरेका मात्र थिएनन्, बरु त्यत्रा ठूलाठूला शास्त्रहरूको समेत निर्माण गरे। वाक् नभए अक्षरको आकार बन्ने नै थिएन। अक्षराकृतिको अभावले त्यस बेला गुरुले आफ्नो ज्ञान र अनुभव शिष्यलाई सुनाएर जो घोकाएका थिए त्यो "श्रुति"

CC-0. In Public Domain. Digitization by eGangotri

भयो*। त्यसपछि घोकेर स्मरण राखेको अथवा राख्ने गरेको शास्त्र "स्मृति"ǂ बन्यो । यो स्मृति भन्ने शास्त्र मनन गर्नु पर्ने पनि थिएन। किनभने यसमा विधानमात्र छ। श्रुतिको जस्तो उपासना र मन्त्रको व्यवहारको वर्णन छैन। मानिसको व्यवहार र परम्परालाई ऐन-कानून विधानको आवश्यकता पर्न जाँदा र सो विधान सबैले सम्झिराख्ने र बुझ्नु पर्ने कुरा भएको हुँदा अक्षराकृतिको आरम्भसमेत नभएको हुनाले स्मरण गरेरमात्र व्यवहृत हुने हुनाले त्यसलाई स्मृतिको संज्ञा दिइयो। यस प्रकार मन्त्र र उपासनाको वर्णन श्रुतिमा र विधानको वर्णन स्मृतिमा अक्षर लिपिबद्ध हुनुभन्दा पहिले नै जन्मेको पाइन्छ। अक्षराकृतिको अभावमा त्यतिका कुरा-हरू घोकेर याद राख्नु पर्ने हुनाले भरसक तिनीलाई सूत्ररूपमा राख्ने चलन हुनु पनि स्वाभाविकै हो र त्यसैले गर्दा निगमागममा≡ धेरैजसो कुराहरू संकेतमा मात्र प्राप्त हुन्छन् र तिनको उद्घाटन गुरुमुखबाट हुने

*श्रूयते धर्ममनेन अर्थात् जसबाट धर्म सुनिन्छ वा श्रूतं यत् जो सुनियो।
ǂधर्मशास्त्र स्मरणात् अर्थात् धर्मशास्त्र वा ऐन सम्झनाले । ≡ गम्यते अनेन वा । इति निगमः । अर्थात् आगतः शिववक्त्रेभ्यो गतश्च गिरिजा-मुखे। मग्नं तस्याहृदम्भोजे तस्मादागम उच्यते ।

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले "संकेत विद्या गुरुवक्त्रगम्या" पनि भनिएको हो। आगमको त धेरै विषयवस्तुको भण्डार संकेतमा छ र त्यसको साँचो गुरुपरम्परामा निहित रहन्छ। अक्षरारम्भ ब्राह्मी लिपिमा भइसकेपछि पनि अहिलेको जस्तो कागज नपाइने र सबै कुराहरू तालपत्रमा लेख्नु पर्ने हुनाले लिपि–विकासलेसमेत अभावको पूर्त्ति पूर्णतया हुन सकेन र ती सूत्रहरूको केही व्याख्या संकेतरूपमा हुन थाल्यो र संकेतको व्यवहार छुट्न सकेन। पछि विभिन्न लिपि विकसित भए, जसमा खास देवनागरी उल्लेखनीय छ। तर श्लेषार्थक १, कूटार्थक २ र बह्वर्थक३ लेख्ने प्रचलन हुन आयो र संकेतको व्यवहार छुट्न सकेन। यस प्रकार संकेतमा अनेक ग्रन्थहरूको निर्माण भयो र "संकेत विद्या गुरुवक्त्रगम्या"–को प्रचलन यथास्थितै रहन गयो। यो संकेत-विद्या गुरुको मुखबाटै बुझिन्छ। त्यसउसले गुरुको वचनले जानिने भएको हुन्छ भन्ने र " न देयं परशिष्येभ्यः " अर्थात् अर्काको शिष्यलाई दिनु हुँदैन भन्ने उक्तिसमेत भयो। गुरुहरू पनि मानिस नै थिए, ईर्ष्या र द्वेष भन्ने वस्तुमाथि विजय पाउनु मुश्किल कुरो हो पनि। आदि वैदिककालमा बनेका केही ऋचाहरूमा विश्वामित्र र वशिष्ठको पेचापेच र

१. उल्टो अर्थ लाग्ने। २. अर्थ नलाग्ने। ३. धेरै अर्थ लाग्ने।

CC-0. In Public Domain. Digitization by eGangotri

वादविवाद ऋग्वेदबाट साबित हुनआउँछ। एवंप्रकार वैदिक कालदेखि नै आफ्‌आफ्नो ज्ञान र अनुभव शिष्यहरू-ले नबिर्सून् भन्ने हेतुले संकेतरूपमा घोकाई लिपि चलेपछि लेखाई मुखले त्यसको मर्म बुझाइदिएर स्वगुरु-परम्परा बनाई "गोपनीय"-को प्रथा चलाएको बुझिन्छ। यस्ता गुरु-परम्परा धेरै छन् र सबैले आफ्नो गुरु-परम्परा मात्र राम्ररी बुझ्न सक्दछन्। यस प्रकार गुरु नभई तन्त्रविद्या सिद्ध हुँदैन। हाल धेरैजसो असिद्ध गुरुहरू भए-काले यो गहन विद्या हेला र खेलौना भइरहेछ। त्यतिका मूल्यवान् शब्द–मन्त्र हँस्सीमा उड़िरहेछन्।

विज्ञानमा यो मन्त्र भन्ने वस्तुको ठूलो स्थान छ भन्ने मेरो यो छोटो लेखले पाठकवर्गहरूमा दर्शाउने नै छ। अगाध तन्त्रका गूढतम रहस्यहरूसंग लेखक स्वयं पूर्ण परिचित छैन भने पाठकवर्गहरूका समक्ष त्यत्रा विषयको के रहस्योद्घाटन गर्न सक्ला। तैपनि खोजी गर्न भित्र पस्दा प्राप्त भएका वस्तुहरूको एउटा संक्षिप्त रूपरेखा श्रुति र आगमको वचनरूप सूत्र र संकेतको आधारमा पाठकहरूका सामुन्ने राख्ने प्रयास गरेको छु। माथि उल्लिखित अक्षरकै सिलसिलामा श्रुतिको एउटा उद्धरण यस प्रकार छः—

CC-0. In Public Domain. Digitization by eGangotri

यथोर्ण नाभि सृजते गृह्णतेच ।
तथाक्षरात् सम्भवतीह विश्वम् ।
(इति श्रुतिवचनम् ॥)

अर्थात्:— जस्तै माकुराले जालो आफैले फिँजाई त्यसैमा खेली फेरि पछि त्यो जालो सबै खाएर आफैमा लीन गराउँछ, त्यस्तै अक्षरबाट यो विश्व बन्दछ । अर्थात् अक्षरबाटै यस विश्वको विकास भयो । त्यस विश्वमै त्यो अक्षर गुञ्जिरहेछ । फेरि पछि त्यही अक्षरमा विश्व लय हुन्छ ।

श्रुतिले यसो किन भन्यो ? अरू–अरू शास्त्रले भने, पञ्च महाभूतबाट यो विश्व बन्यो भन्दछन् । त्यसमा कुरा यस प्रकार छ– अरू शास्त्रमा शून्याकाश, महाकाश र सामान्याकाश–जम्मा यी तीन अन्तरिक्षको मात्र वर्णन पाइन्छ । तर श्रुति निगमागमले भने सात अन्तरिक्षको वर्णन गरेको पाइयो । सो यस प्रकार छ—

चिदति शून्यातीते च शून्यातीतं महद्युतम् ।
शून्यातीतं पुनः शून्यं महाव्योम महेश्वरी ॥
सामान्याख्यमिमानीह ह्यन्तरीक्षानि तत्वतः ।
सप्त शून्यात्मकं तत्त्वं परं तत्त्वं परात्परम् ॥
पारंपर्येण ज्ञातव्यमिति संकेत मात्रतः ॥
(इति गौरीकञ्चुकीयतन्त्रे)

CC-0. In Public Domain. Digitization by eGangotri

यस उक्तिको सारांश के हो भने- १. चिदाकाश, २. अति शून्यातीताकाश, ३. महाशून्यातीताकाश, ४. शून्यातीताकाश, ५. शून्याकाश, ६. महाकाश, ७. सामान्याकाश—यी सात शून्य अर्थात् सात अन्तरिक्षमा रहेको तत्त्व भनेको अध्वहरू, परंतत्त्व भनेको महत्तत्त्व र अहंकार तत्त्व, परात्परं भनेको ॐ र हूँ हुन्। यसका सबै कुरा आफू-आफ्नो परम्पराद्वारा अर्थात् गुरुको मुखबाट जान्नुपर्छ। यो त संकेतमात्रै हो[१]।

निगमागममा जताततै यस्तै संकेतका वचनमात्र पाइन्छन् र बिना गुरु केवल पुस्तकको भरमा कुइराको काग बनेर यसको रहस्य केही पाइँदैन। त्यसैले सद्गुरु प्राप्त गरेर परम्परा ठीक गर्नुपर्दछ र सद्गुरु पाउनु गाऱ्हो कुरा छ। किनभने, माछाजस्तै सँधै पानीमा डुबेर वा भैंसीजस्तो पानीमा आहाल बसेर अथवा त्रिकाल स्नान गरेर, बोकाले जस्तो घाँसपातमात्रै खाएर अर्थात् निरामिष आहारी भएर, मृगजस्तो वनचर अथवा वनवासी भएर अथवा वानरादि पशुहरूजस्तो नाङ्गै बसेर सद्गुरु हुँदैन। तत्त्व जान्नेमात्र सद्गुरु हुन्छ। खान-पान, वेश-भूषा अथवा सजधजमा तत्त्व आधारित छैन। निष्ठाबाट कदाचित् धर्म प्राप्त हुन-

---

[१] अध्व महत्तत्त्व अहंकार तत्त्व ॐ र हूँको पछि क्रमशः वर्णन हुनेछ।

CC-0. In Public Domain. Digitization by eGangotri

सक्ला; तर तत्त्व पाइन्न। शास्त्रका नियमानुसार ब्राह्मण बन्नै त कस्तो मुश्किल छ, सद्गुरु बन्नु त कता कता। शास्त्रोक्त ब्राह्मण पाइए त कति श्रद्धापूर्वक पूजन गर्नु हुने थियो, सद्गुरुको स्थान त त्यसभन्दा धेरै माथि छ। शास्त्रले यस्तो भनेको छः—

जन्मनाज्जायते शूद्रः संस्कारादृद्विजउच्यते ।
वेदाभ्यासाद्भवेद्विप्रो ब्रम्ह जानातिब्राह्मणः ॥

(इति आगमवचनम्)

अर्थात्ः- जन्मँदा शूद्र भएर जन्मन्छ, संस्कारबाट अर्थात् उपनयन भएपछि (व्रतबन्ध भई यज्ञोपवीत अथवा जनै लगाएपछि) द्विज बन्दछ, वेदको अभ्यासबाट अर्थात् वेदको मर्म बुझेपछि विप्र हुन्छ र त्यसपछि ब्रह्मको ज्ञान प्राप्त गरेपछि ब्राम्हण बन्दछ।

निगमागमको आधारमा अहिले ब्राह्मण भेट्टाउनु नै मुश्किल भइसकेको स्पष्ट छ। त्यसभन्दा माथिल्लो स्तरको सद्गुरु भेट्टाउनालाई निकै परिश्रम गर्नुपर्ने स्वयंसिद्ध छ।

अब माथिको कुरातिर जाऔं। पूर्वोक्त सात

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तरिक्षको छ ओटै अध्वा* अथवा मार्ग वा बाटोद्वारा सम्बन्ध छ। अर्थात् एक ठाउँबाट अध्वाद्वारा अर्को ठाउँमा पुगिन्छ। ती अध्वा के हुन् भने:-

वर्णः कला पदं तत्त्वं मन्त्रो भुवनमेवच ।
इत्यध्वषट्कं देवेशि भाति त्वन चिदात्मयि ।।

(गौरी कन्चुकीय तन्त्रे ।)

यो उक्तिको भावार्थ के हो भने:— १. वर्णाध्वा (यसले चिदाकाश र अति शून्याकाशलाई जोड़ेको छ), २. कलाध्वा (अति शून्याकाश र महाशून्याकाशलाई जोड़ने) ३. पदाध्वा (महाशून्याकाश र शून्यातीताकाशलाई जोड्ने,) ४. तत्त्वाध्वा (शून्यातीताकाश र शून्याकाशलाई जोडने), ५. मन्त्राध्वा (शून्याकाश र महाकाशलाई जोड़ने), ६. भुवनाध्वा (महाकाश र सामान्याकाशलाई जोड़ने)। यस पटलमा यहाँ नै समाप्त गर्दछु, अरू-अरू अध्वाहरूको वर्णन अरू-अरू पटलमा हुनेछ।

---

*अत्तिवलं पथिकानाम अद भक्षणे अदेर्घश्च इति क्वनिप । घश्चोत्तादेश । यत्तु — अत्यते सततं गम्यते अनेन — इति मुकुटेनोक्तम्। तन्नः । उक्त सूत्र विरोधात् । अततेर्घ क्वनिपो रविधानात् ।

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीयः पटलः

धन्य छन् ती जसले यस्ता गहन विषयहरूको सम्पूर्ण ज्ञान प्राप्त गरी भावी जगतका लागि संकेत रूपैमा भए पनि विषयवस्तुको संकलन गरी राखि-दिएका छन् । सनातन सौरादि जगतहरूको ब्रह्माण्डमा कल्पना गरेर होइन कि स्थूल देह र सूक्ष्म देहको सम्पूर्ण ज्ञान प्राप्त गरी सम्पूर्ण ब्रह्माण्डका द्रष्टा ती महायोगी-हरूले स्वान्तःसुखाय गरेका ती दिव्य अनुभवहरू आँउदो पुस्ताका लागि संचय गर्दै गए र अहिले निगमागममा त्यसका संकेतहरू पाइए ।

माथिकै सिलसिलामा अब वर्णाब्जको वर्णन गर्नु छ । वर्ण भनेको के हो भने वर्णयति अनेन अर्थात् जसले वर्णन गर्दछ अथवा बुझाउँदछ त्यो वर्ण हो । अब वर्णको अर्थ बताएर बुझाउने सम्झेमा वर्ण भनेको अक्षर वर्णमालाको अक्षर भयो, र वर्णनको मतलब देखाएर

CC-0. In Public Domain. Digitization by eGangotri

बुझाउने सम्झेमा वर्ण भनेको रंग भयो। अहिले यहाँ वर्ण भन्नाले अक्षर सम्झनु परेको छ। शास्त्रले यस बारेमा यस्तो भनेको छ:—

शब्द-ब्रह्म परब्रह्म रूपिणी परमेश्वरी ।
शब्द-ब्रह्म विजानीही साक्षादक्षर रूपिणी ॥

इति परातन्त्र वचनम् ।

अर्थात्:—शब्द ब्रह्म भनेको अनादि अर्थात् आदि र अन्त्य नभएको नाद× वा शब्द* अथवा आवाज, परब्रम्ह भनेको मनोवागगोचरागम्य अर्थात् मनले चिताउन र वचनले बताउन समेत नसकिने पदार्थ रूप ईश्वर, परमेश्वरी भनेकी परम अर्थात् ब्रम्हकी ईश्वरी अर्थात् मालिकनी (यहाँ यसको मतलब चिच्छक्ति अर्थात् चैतन्यको शक्ति हो), जो हुन् उनी नै अक्षररूपिणी शब्द ब्रम्ह हुन् भनी जान्नू।

श्रुतिले पनि अक्षरबाट सृष्टि हुन्छ भनेर बताएको छ। त्यो अक्षर भनेको के हो त्यसमा परम्परा भेदले कसैको मत मा "अ इति ब्रम्ह" भन्ने र कसैको मतले

×नौ गदनद इत्यम् । *शब्द शब्दकरणे एरच वा घञ् ।

CC-0. In Public Domain. Digitization by eGangotri

"ओमित्येकाक्षरं ब्रम्ह" शास्त्रको वचन छ भनेर "अ"-लाई कसैले र "ऊँ"लाई कसैले ब्रम्ह रूप भन्दछन् । तर वास्तवमा दुवैमा त्यतिको फरक छैन । त्यसको रहस्य यस प्रकार छ, "अ" केवल एकलो ब्रम्ह र "ॐ"शक्ति सहित-को ब्रम्ह हुन् । त्यसउसले "अ" मान्ने परम्पराले वर्णाब्दवदेखि र "ॐ" मान्नेले कलाब्दवदेखि विकास भएको मानेको छ ।

अब यहाँ एउटा कुराको शंका उत्पन्न हुन आउँछ । सृष्टिको आदि कालमा अक्षरको आकार थिएन, तर त्यसको नाद वा शब्द थियो भनौं भने पनि विनावायु, हावा र दुइ वस्तुको ठक्करको कम्पन नभई आदि नाद वा शब्द कसरी निस्कन सक्दछ । यसको विश्लेषण यस प्रकार भएको पाइन्छ । नाद वा शब्द तीन प्रकारका छन्–१. आहतनाद, जो वायुमा दुई पार्थिव पदार्थको ठक्करको कम्पनबाट निस्किन्छ । २. केवल चित्तमा मनको र वायुको या वायुसित आत्माको ठक्कर पर्दाको कम्पनबाट निस्किने अनाहत नाद हो । ३. विनावायु नै त्यसै स्वयं प्रकाश भन्ने अवर्णनीय अर्थात् वयान हुन नसक्ने वस्तु वा पदार्थबाट जो नाद निस्कन्छ त्यो नाद ब्रह्म हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

यो नाद ब्रह्मको विषयमा शास्त्रमा यस्तो भनेको पाइन्छः—

बिन्दुरूपस्य चक्रस्य स्थूल वर्ण क्रमेण तु ॥
अर्द्धेन्दुनादान्त शून्योचारात भवेत् शिवे ॥

इति आगम वचनम्

यतो वाचो निवर्तन्ते अप्राप्य मनसासह ॥

इति निगम वचनम्

यसको सारांश अर्थ के हो भने एउटा बिन्दुरूप (०) अर्थात वाटुलो शून्यरूप चक्र थियो । त्यो सबभन्दा माथिको चित्को आभास पर्दा फुल्न अर्थात सुनिन थाल्यो । त्यो सुनिएपछि दुई फयाक भएर हलौं भाग मुदी चाहीं बिन्दु नै रह्यो, त्यसको गरौं भाग बोक्राजस्तो उप्किएर नाद (ॅ) अर्द्धचन्द्राकार बन्यो, यस्तै गरी नाद ब्रह्मको (ॅ) यो आकार बनी अघि "अ" रूप प्रकाश मात्रै थियो अब "ह" रूप विमर्श पनि बन्यो, तर त्यहाँ सूक्ष्म वायुसमेत नहुँदा यी अक्षर "ँ" यस्ता

ॅ यो चिन्ह नाद । ०चिन्ह बिन्दु ।
: विसर्ग । ॅ चिन्ह श्रृङ्गाटक
▽ चिन्ह त्रिकोण वा योपन । ॅ यो चिन्ह चणक वा चणकाकार। यो मात्रा हुन् ।

चणकाकार अर्थात् चनाको बोक्री भई सुनिन थाल्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

मात्रा रूपको भएर मात्रै उच्चारणै नभई उच्चारण हुन नसकने भए। यसको संकेतमा सप्तशतीले यस प्रकार वर्णन गरेको पाइन्छ :—

अर्द्ध मात्रा स्थिता नित्या यानुच्चार्या विशेषतः ॥

अनि सोही नादको सत्तालाई "परा"[1] भन्ने र विन्दु सत्तालाई "पर" भन्ने संज्ञा भयो। परापर भनेको के हो भन्ने रहस्य तन्त्रमा यस्तो छ :—

या परा सा विष्णुमाया यः परः स महेश्वरः

इति अतिरहस्यतन्त्र वचनम्

फेरि "शिवशक्त्यात्मकं जगत" भन्ने त सबैले जानेकै कुरा हो। अतः जगत्मा व्याप्त जो मनोवागगोचरागम्य पदार्थ छ त्यसलाई परब्रह्म भन्दछन्। यही परा[1] र पर[2]-को सत्ता चित्[3] वा चिच्छक्तिद्वारा स्फुरण हुँदा चैतन्य वा चेतना बन्यो र त्यसको भावबाट चित्त निस्क्यो, यही नादविन्दु (ँ) मात्रा, र "अ" वर्णबाट "ह" वर्ण अनि चित्तको प्रादुर्भाव भएकोलाई वर्णाध्व भन्दछन्। यस प्रकारको देह बनी शिव तत्त्वको प्रादुर्भाव भयो।

---

१. परा=Kinetic Energy. २. पर=Potential Energy. ३. चित्=Consciousness

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीयः पटलः

न त त्यस वेला वायु थियो न अरू कुनै पदार्थ थियो, केवल नाद विन्दुमात्र थियो। त्यस वेला जब परंपराको तत्त्व अर्थात् ऋणात्मक र घनात्मक तत्वबाट परापर तत्त्व न घनात्मक न ऋणात्मक तत्त्व बनेर "चित्त" स्फुरण भयो अर्थात् मनले कल्पना गर्न नसक्ने रूपको एक "चित्त" भन्ने कण अथवा अणु बन्यो। अनि परतत्त्व परा, पर र परापर तत्त्वलाई परतत्त्व वा परानाडी पनि भन्दछन्, योर्तिलङ्ग अतीव सूक्ष्म वायु उत्पन्न भई चित्तसित ठक्कर पर्दा अथवा पर्न जाँदा ❀ प्रकाश "अ" र △विमर्श "ह" मा

❀=प्रकाश Illumination. ▽विमर्श=Potency belonging to consciousness.

CC-0. In Public Domain. Digitization by eGangotri

अनाहत नाद उत्पन्न भयो । अनाहत नादको विषयमा यस्तो उक्ति प्राप्त हुन्छः--

एकोनादात्मको वर्णः सर्ववर्ण विभागवान् ।

इति आगम वचनम्

सो नस्तमित रूपत्वादनाहत इति श्रुतः॥"

अर्थात्ः– एउटा नादात्मक "अ" वर्ण वा अक्षरको जन्म-बाट सबै अक्षर छुट्टिन्छन् । अर्थात सबै हलन्त अक्षरहरू जसको सहयोग नभई उच्चारण हुँदैनन्, कहिल्यै पनि नअस्ताउने अर्थात् नहराउने रूप भएबाट अनाहत भन्ने संज्ञाले विख्यात भयो । अनि परानाडीको प्रभावबाट ऐनामा सूर्यको किरण पर्दा भित्तामा टक पर्न गएझैं गरी प्रकाश "अ" को किरण विमर्श "ह" मा पर्दा चित्तरूप भित्तामा "अहं" भन्ने टक रूप विन्दु× खडा भयो । यस विषयमा कामकलाविलासमा स्पष्ट उल्लिखित छः-

परशिवरविकर निकरे प्रतिफलति विमर्श दर्पणे विशदे ॥
प्रतिरुचिरुचिरे कुड्ये चित्तमये निविशते महाविन्दुः ॥
चित्तमयो हंकारः सुव्यक्ताहार्णसमरसाकारः ।
शिवशक्ति मिथुनपिण्डः कवलीकृत भुवनमण्डलोजयति ॥

× वीति वा विकसति इति विन्दुः अर्थात्. जो विकास हुन्छ त्यही विन्दु हो; जसबाट विकास हुन्छ वा घनीभूत शक्ति (Mataphysical Point of Energy about to manifest)

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि यही "अहं" अर्थात् "अहंकार" को प्रादुर्भाव निगमागमले अर्कै किसिमले बताएको रहेछः—

स्फुरतामात्मनः पश्येत्तदा चक्रस्य सम्भवः॥

इति आगम वचनम् ।

अ इति ब्रह्म तन्त्रागतमहम् । "इति" ब्रम्ह वा इदमग्र आसीत् । तदात्मानमेव वेद अहं ब्रह्मास्मि ॥ इति च निगम वचनम्

प्रकाशस्यान्त विश्रान्तिरहं भावो हि कीर्त्तितः॥

इति आगम वचनम् ।

यी उक्तिहरूको भावार्थ यस्तो छः— प्रकाश 'अ'रूपी ब्रम्ह वा परशिवले विमर्श "ह"रूप पराशक्तिलाई ऐना हेरेजस्तो गरी हेर्दा उनको चित्तमा "अहं" अर्थात् "म" भन्ने भाव आयो ।

माथिको र यो दुवैको भनाइको मतलब त "परा-नाडीको प्रभावले, "अ" र "ह" मिलेर स्वयं नाडी अनुस्वार रूप बनेर "अहं" भयो भन्ने मात्रै हो । अनि

CC-0. In Public Domain. Digitization by eGangotri

पनी हेराइबाट पश्यन्ति नाडी बन्यो, अनि त्यही नाडो इच्छाशक्तिमा परिणत भयो र "अहं" अर्थात् "म" भन्ने भाव मध्यमा नाडी अर्थात् बोध वा ज्ञानशक्तिमा परिणत भयो।

अहमाकाराख्य सिद्ध कामकलाम्। इति श्रुति वचनम्।

अब यस उक्तिको वर्णन गरिन्छ। "अ" कारः भनेको अनुत्तरस्य परामर्शकः अर्थात् अनुत्तरको स्पष्टीकरण गर्ने। "ह" कारः भनेको अनुत्तरस्यैव अनाहत रूपेण किञ्चित् स्थूलतामापन्नस्य परामर्शकः अर्थात् अनुत्तरकै अनाहत रूपले कोही फुलेको परामर्शक वा स्पष्टीकरण गर्ने। यसको मतलब के हो भने "अ" चाहिं मनोवाग्गोचरागम्य कतैबाट नसुनिने शुद्ध विनातौलको हल्का नाद थियो; अब त्यो अनाहतरूप भएर केही तौलरूप गह्रौं भाग भएको "ह" बन्यो। अनि फेरि "म"कारः अनुत्तरानाहतयो विश्रान्तिधाम परामर्शकः अर्थात् अनुत्तर र अनाहतको विश्राम हुने ठाउँमा चुकुलको परामर्शक स्पष्टीकरण गर्ने। फेरि "अ" लाई वर्णमालाको पहिलो

CC-0. In Public Domain. Digitization by eGangotri

अक्षर हुनाले "अनुत्तरलिपि" र "ह" लाई वर्णमालाको अन्त्यको अक्षर हुनाले "विमर्श" लिपि भन्दछन् । किन-भने सबै अक्षरहरू यिनै दुवै अक्षरबाट निस्केका हुनाले यी दुईकै बीचमा छन् । यो कुरा पढ़दा छत्रको वर्णनबाट स्पष्ट हुनेछ ।

यो "अहं"लाई कामकलाक्षर वा [१]नादमय-कामकला भन्दछन् । अत्र कामकला भनेको के हो भन्ने विषयको वर्णन हुन्छ । "कामः" भनेको काम्यते (चाहना गरिन्छ) योगिभिः (योगीहरूबाट) अर्थात् ईश्वर वा ब्रम्ह हो । अत्र कला भनेको कलयति (कल-संख्याने) वा कं लाति अर्थात् कलन गर्ने । एक किसिमको गुण वा स्वभाव भने हुन्छ, तर लक्षण त होइन, यी दुईको बीच हो । फेरि "क" भनेको आकाशको सूचक "ला" भनेको पृथ्वीको सूचक हुनाले "कला" भनेको सर्वव्यापी प्रपञ्चेश्वरी हुन् ।

इच्छा र ज्ञानको उत्पत्तिको माथि वर्णन भयो । जब "अ" र "ह"को पूर्वोक्त एकीकरणको कर्म अर्थात्

---

१. कामकलाको वाङ्मय रूप .

CC-0. In Public Domain. Digitization by eGangotri

कामबाट क्रियाशक्ति बन्यो । फेरि सोही बिन्दुको कुराँतिर जाऔं, जब शून्यरूप प्रकाश फुलेर चणकाकार रूप बनेर दुई फ्याक बन्यो, ती दुई फ्याक शुक्ल बिन्दु र रक्तबिन्दु दुइटा बिन्दु बने । प्रकाशको भाग शुक्लबिन्दु चिसो भयो र विमर्शको [1]भाग दुई हात माड्दा वा केहीमा रगड्दा केही लालपना आएर तातेजस्तो गरी अनाहतसित रगेड़िएर लाल भएर तातेको रक्तबिन्दु तातो भयो । अनि प्रकाशमा उष्णता विमर्श वा तातोको भाव नभई राम्रो उज्यालो हुन सक्दन र विमर्श वा उज्यालोको भाव नपारी राम्रो तातो हुँदैन । यस विषयमा शास्त्रमा यस प्रकारको उक्ति भएको पाइन्छः–

शक्त्या विना शिवे शुष्के नाम धाम न विद्यते ।
शिवं विना चित्कलानां कलात्वं न क्वचिद्भवेत् ॥

इति शक्तिसंगम तन्त्र ।

तसर्थ परस्पर कला बढ़ाउनाका लागि परस्परानुप्रवेश हुँदा अर्थात् एउटामा अर्को घुस्न जाँदा सर्वतेजोमय मिश्रबिन्दु न चिसो न तातो निस्कन गयो । अघि

---

१. विमर्शबारेमा महाकाल संहितामा यस्तो छः—
जले शीतलत्वं शुचौ दाहकत्वं । विधौ निर्मलत्वं रवौ तापकत्वम् ॥
तवैवाम्बिके यस्य कस्यापि शक्तिः । त्वमेका परब्रह्मरूपेण सिद्धा ॥
इति आगम वचनम्

CC-0. In Public Domain. Digitization by eGangotri

जो ज्ञान इच्छा र क्रिया निस्केका थिए ती शक्तिहरू चित्तमा स्फुरण भएर इच्छाशक्तिबाट मन, ज्ञान, शक्ति वा बोध-शक्तिबाट बुद्धि र क्रिया-शक्तिबाट कर्म प्रादुर्भाव भए । अनि फेरि तिनैको हेतुपरहेतु मतले अर्थात् वाचक, वचन र अर्थको भेदाभेद भएजस्तो भई माता (अवगन्ता अर्थात् जान्नेवाला,) मानं (तदवगतिसाधन भूतविद्या अर्थात् त्यो जान्न सक्ने वस्तु) र मेयं (ज्ञायमाना अर्थात् जानिएको वस्तु) यति तीन बन्न गए । यिनलाई मत्रय भाव भन्दछन् । यस बारेमा तन्त्रमा यस प्रकारको संकेत वचन प्राप्त हुन्छः—

अतीततन्तु परतेजः स्वसंविद्द्‌द्यात्मकम् ।
स्वच्छाविस्वमयोल्लेख खचितं विश्वरूपकम् ॥
चैतन्य मात्मनो रूपम् निसर्गानन्दसुन्दरम् ।
मेयमातृप्रमामानप्रसरैः संकुचप्रभम् ॥

इति चतुःशत्याम्

CC-0. In Public Domain. Digitization by eGangotri

अनि मत्रयको तीन रेखा बन्नलाई कहिले श्रृंगाटक रूप बनेर नक्साजस्तो भयो कहिले त्रिकोण रूप बनेर रहे। यसमा शास्त्र संकेत यस्तो छः—



अनुत्तरानन्दचितिरिच्छाशक्तौ नियोजिता।
त्रिकोणमितितत् प्राहुर्विसर्गामोदसुन्दरम्।
मेयमातृप्रमामान प्रसुरैः संकुचप्रभम्।
श्रृंगाटरूपमापन्नमिच्छाज्ञान क्रियात्मकम्

इति चतुःशत्याम्।

यो त्रिकोण अथवा श्रृंगाटकलाई सम्वित् अनि विमर्शांशबाट निस्केको विसर्ग हुनाले हार्द्धकला त्यसलाई भन्दछन्। यही संवित् यो निरूप बनेर मिश्र बिन्दुलाई मुखमा राखेर गर्भ धारण गरेर वा काखमा राखेर जे संझे पनि हुन्छ। अरू दुई बिन्दुलाई दुइटा स्तन बनाएर अर्थात् जगत्‌रूपी बालकलाई हुर्काउन स्तनपान गराउनको लागि नक्साजस्तो कामकलारूप अर्थात्

CC-0. In Public Domain. Digitization by eGangotri

आदि प्रकृति जगदम्बा जगत्की आमा प्रकट भइन् । ती विन्दुमध्ये "रेफविन्दु" तातो हुनाले "अग्निविन्दु", "शुक्ल-विन्दु" चिसो हुनाले "चन्द्र विन्दु" र "मिश्र विन्दु" चिसो तातो मिस्सिएको हुनाले 'सूर्य विन्दु" भन्ने नामले प्रख्यात भए । यस विषयमा यस्तो संकेत छः–

शिवशक्त्यात्मको विन्दुर्यदा ह्युच्छूनतांगतः ।
चणकाकारतांयातस्तदाच द्विविधो भवत् ॥
ततःशुक्लंञ्च मिश्रञ्च रक्तञ्च परमेश्वरि ।
× × ×

संवित् भन्नाले चित् ब्रह्मको संकेतरूप "म" तत्त्व, हार्द्धकला अर्थात् आधा "ह" वाः तत्त्व जे पनिको अर्थ हुन्छ । (Consciousness).

विन्दुत्रयंसमुत्पन्नं सोमसूर्यानिलात्मकम् ॥ इति राजेश्वरीतंत्र वचनम्



CC-0. In Public Domain. Digitization by eGangotri

यी नक्साको संकेत यस्तो छः-

"एकारोर्द्धगतो विन्दुर्मुखं भानुरधोगतौ ।
स्तनौदहनशीतांशू योनिहार्द्धकला भवेत् ॥
विन्दुं संकल्प्यकन्तु तदधस्तात्कुचद्वयम् ।
तदधः स परार्द्धन्तु चिन्तयेत् तदधोमुखम् ॥"

इति गन्धर्वतन्त्र वचनम्

यहाँ "स" बाट "स" तत्त्व जो प्रकाशको सूचक हो त्यो बुझिन्छ, फेरि "परार्द्ध" भनेको विमर्श "ह" आधा भाग हार्द्धकलामा गएको हुनाले अत्र यहाँ परा विमर्शको आधा भाग "ह" विसर्ग (:) तत्त्व बनेर "सः" ब्रम्हको सूचक संविदांश तत्त्व हुनगयो । यसो भएबाट "अहंकार" तत्त्व बन्यो । अनि माथि बताएको मन, बुद्धि, चित्त र अहंकार मिलेर एउटा सानो सूक्ष्म नाभिकण बन्यो र त्यो सूक्ष्म देह बनेर विद्यातत्त्वको प्रादुर्भाव भयो । यस कामकलारूपलाई विन्द्वात्मक कामकला भन्दछन् । यस्तै कामकलाको अरू तीन प्रकारका भेद छन्, सो पनि वर्णन गरिन्छ । यस विषयमा संकेत यस्तो छः—

"अग्रविन्दुपरिकल्पिताननां मध्यविन्दुचितस्तनद्वयीम् ।
नादविन्दुरचनागुणास्पदांनौमिते परशिवे परांकलाम् ॥"

इति आगम वचनम्

CC-0. In Public Domain. Digitization by eGangotri

यसको मतलब त पूर्वोक्त नक्सा बमोजिम नै हो। तर "नादविन्दु रचनागुणास्पदा" यति पदमा गहिरो मतलब छ। जो बयान गरिनेछ। संवित् मत्रयबाट बनेबाट "म" तत्व बन्न गयो। अनि सो २ स्तनरूप भएका २ विन्दुहरू त्यो योनि अर्थात् संवित्को-यता र उता जान थाले। यो योनि वा त्रिकोणको बीचमा मिश्र विन्दु भएको हुनाले त्रिकोण विमर्श वा परांश भएबाट र मिश्रविन्दु प्रकाश वा शिवांश भएबाट त्रिकोणलाई परा र भित्रको विन्दुलाई शंभोरयं शाम्भव भनेर सम्वित्लाइ पराशाम्भव भन्ने संकेत पनि गरिन्छ। फेरि त्यस वेला दिशाको उत्पत्ति नभएबाट दायाँ बायाँलाई शिवशक्ति भनेर शास्त्रले संकेत गर्छ, सो संकेत यस्तो छ;—

"शुक्लः शिवो रक्तः शक्त्यां पराशाम्भववेघतः।
रक्तशाम्भरूपेण परातत्त्वेन शक्तितः॥
रक्तशिव शुक्लशक्तयां सच्चिदानन्दलक्षणम् ॥

इति आगमसारे

यसको यथार्थ रहस्य प्राक्षादिविद्या अर्थात् प्रणव, कूर्चं, श्री प्रशाद र पराप्रशादको परस्परानुप्रवेशको कुरा

CC-0. In Public Domain. Digitization by eGangotri

विना शाम्भवदिक्षाको रश्मिको ज्ञानले बुभन नसकिने हुनाले गुरुवक्रबाट जान्नपर्दछ ।

अनि ती २ विन्दुको यताउतिको सराइबाट "उ" तत्त्व खड़ा भई "अहमेवात्मा" भन्ने श्रुति वचनानुसार उत्पन्न भएको अहंमी आत्मामा जब "एको हं नाना स्याम" भन्ने भाव स्फुरण भयो । अनि त्यसको विद्यांश-भाग हल्का भाग "अ"-मा सृष्टि गर्ने; स्थिति गर्ने, संहार गर्ने अन्तर्लीन गर्ने अर्थात् आफूमै मिलाउने र अनुग्रह गर्ने अर्थात् फेरि आफूबाट निकाल्ने यी पाँच कला नादविन्दुले "म" र "उ" तत्त्व साथमा लिएर बनेको मूल प्रकृतिको "भू" तत्त्व विपरीत भई अर्थात् उल्टो भई मिल्न जाँदा अ[१] (सृष्टिकला) उ[२] स्थितिकला) म[३] (संहारकला) ँ नाद (अन्तर्लीनकला) र ○ विन्दु(अनुग्रहकला) यति पाँचै कलाले युक्त भएको 'ॐ' कार प्रणव बन्यो । यसलाई 'प्रणवात्मक×

---

१. सृष्टिकला = ब्रह्मा (Origin of Solid) ।

२. स्थितिकला = विष्णु (Origin of Liquor) ।

३. संहारकला = रुद्र (Origin of Gas)

४. अन्तर्लीनकला = महेश्वर (Origin of Atom)

५. अनुग्रहकला = सदाशिव (Origin of Electron) ।

× कामकलाको धारणरूप अर्थात चिन्तन गर्ने र उपासना गर्ने रूप ।

CC-0. In Public Domain. Digitization by eGangotri

कामकला 'भन्दछन्। फेरि अविद्यांश-भाग गहुंगो भाग 'ह'-मा पनि त्यस्तै "मू" तत्त्व विपरीत भई मिल्दा ह उ म ँ नाद र ○ विन्दु यति पाँचै कलाले युक्त भएको "हूँ"कार कुलकुण्डली रूप कूर्च बन्यो। यसलाई "कूर्चात्मक काम कला" वा "कुण्डलिनीकला"+ पनि भन्दछन्। कला-बारेमा यस्तो छः—

ब्रह्मा विष्णुश्च रुद्रश्च ईश्वरश्च सदाशिवः।
पञ्चब्रह्मात्मकंचैव कलापंचकसंस्मृतम्।
॥ इति रहस्यतन्त्रे ॥

यो प्रणवै "ॐ" र स्वरवर्णमध्येको ओँ झट सुन्दा यौटै उच्चारणजस्तो सुनिन्छ तापनि यी दुवै अक्षर एकदम फरक छन्। किनभने यसमा रहेको जो 'उ' हो त्यो न ह्रस्व "उ" हो न दीर्घ "ऊ" हो, यी दुवैको बीचको मात्राबाटै "म्"-सित प्लुत भएर नादविन्दुमा गर्जेर मनन हुन्छ मुखबाट यथार्थ उच्चारण हुन सक्दैन। अतः यो "उ" पनि स्वरवर्णदेखि बाहिरको वर्ण हो। "हुँ" कूर्चको पनि प्रणवको जस्तै "उ" हो, किन यस्तो भयो भने "मू" तत्त्वको विपरीत प्रयोगबाट यहाँको "ऊ" उही "म" को सत्ताले न दीर्घ न ह्रस्व हुन जान्छ; अनि फेरि

+ कामकलाको कुण्डलीरूप अर्थात् कुण्डली जगाउने बीज रूप।

CC-0. In Public Domain. Digitization by eGangotri

त्यो "म" नादविन्दुमा मिल्न जान्छ। यसको यथार्थ ज्ञान सद्गुरुद्वारा अनुभववाट मात्र पाइन्छ। यो अवस्था-वाहेक अन्त यी "उ" र "म"-को लोप हुन्छ, अर्थात् हरा-उँछ। यसवाट नाभिकणमात्र वन्दछ।

फेरि वेदले "ई" काराक्षरलाई पनि प्रवण "ॐ"-को समानार्थक दर्शाएको छ। अर्थात् "ई"-को अवयव तीन विन्दु र हार्द्धकलावाट वनेको भनी वताएको छ। अतः "ई"-लाई "कामकलाक्षर" भन्दछन्। संकेत यस्तो छः—

ईकाररूपिणी शक्तिः प्रणवार्थ प्रदायिनी।
व्याप्ता व्रम्हाण्डमखिलं सर्वतत्त्व विकाशिनी॥

इति आगम वचनम्।

यही कामकलाक्षरमा नादविन्दुको प्रयोगले काम-कला महामंन्त्र वन्दछ। संकेत यस्तो छः–

"तूर्यस्वरं विन्दुयुतं नादेन परिभूषितम्।
कामकलामहामन्त्रं महाकालेन कीर्तितम्॥
तस्मात् स्वकीयमात्मानं ध्यायेद्देव्याः स्वरूपकम्॥

इति यामले॥

यही कामकला र निजको अंग-प्रत्यंग प्रादुर्भाव भएको अध्वलाई कलाध्वा भन्दछन्।

CC-0. In Public Domain. Digitization by eGangotri

अथ चतुर्थः पटलः

संभव छ यहाँ 'पद' भनेको 'पदति, पदस्थैर्य, पद्यति वा पदगतौ' भन्ने नै होला।

अब यहाँ पदार्थको वर्णन हुन्छ। सबैभन्दा पहिले मायाको† वर्णन हुन्छ। माया भनेको जसले माया गर्छ अथवा ज़ाल गर्छ। विमर्श 'ह'-ले जब प्रकाशको रेफ रूप रश्मिलाई अन्तर्गर्भित गर्छ। अनि कामकलाक्षर 'ई'-ले नादविन्दुसहित त्यो "हूँ-लाई कवली गरेर अर्थात् कब्जामा राखेर "ह्रीं" मायाको उत्पत्ति गराउँछ। यसलाई मायाबीज वा देवीप्रणव पनि भन्दछन्।

अब प्रकाशरूप-बिन्दुको बारेमा यो प्रकाश भनेको यस्तो छ कि न यसको भार या तौल छ न यसले कुनै रित्तो ठाउँ ओकट्छ, केवल यसले जताततै उज्यालो–

---

† मेति। मायां करोति। अण्। जसले माया गर्छ अर्थात् चटक गरेजस्तो यौटामा अर्काको भान पार्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

आत्रै पार्छ । जति माथिबाट यो प्रकाश हुन्छ उति परपरसम्म यसको किरण वा रश्मि फैलिएर धेरै ठाउँलाई उज्यालो पार्छ । प्रकाश स्वयं तातो छैन तातो नभए पनि यो प्रकाश हुन सक्छ । तर उष्णता तातोपना विमर्शशक्ति यसमा अन्तर्लीन नभई यसको चहक आउँदैन । अतः तापक्रम जति-जति बढ्छ उति-उति किरणको अनुपात बढ्दछ । विमर्शरूप उष्णता वा तातोपनाकोपनि उस्तै हालत छ । प्रकाशमा यो अन्तर्लीन नभइकन तापक्रम बढ्नै सक्दैन । यस विषयमा संकेत यस्तो छः—

शक्त्याविनाशिवे शुष्के नाम धाम नविद्यते ।
शिवंविनाचित्कलानां कलात्वं न क्वचिद् भवेत ॥
बीजांकुरन्याय योगाच्छिवशक्त्यात्मकं महः ।
सदा जागर्ति देवेशिनाना रूपाणि दर्शयेत ॥

इति आगमवचनम् । शक्तिसंगम् ।

तर प्रकाशको नियमको उल्टा उष्णताको नियम छ । जति टाढ़ा हुन्छ उति प्रकाशको किरण फैलिन्छ तर जति टाढ़ा हुन्छ उति उष्णताको राप वा तापक्रम घट्दै

CC-0. In Public Domain. Digitization by eGangotri

जान्छ । त्यस उसले तापक्रमको प्रभावले प्रकाशको किरण फैलिन्छ उति शेष धमिलिंदै जान्छ ।

अब विमर्शरूप नाद वा शब्दको वारेमा यो महाविन्दुको दूषित भागवाट वनेकोले यसको भार वा तौल पनि हुन्छ, यसले ठाउँ पनि ओकट्छ। तर यसले आफ्नो भार वा ओजनको असर न वोल्ने वा वक्तामा पार्छ। न त सुन्ने वा श्रोतामा पार्छ तीन किसिमको नादमध्ये नादब्रम्हको वयान माथि नै भइसक्यो। अब अनाहतनाद र आहतनादको वयान गर्नु छ। अनाहतनाद दश प्रकारका हुन्छन् । त्यस विषयमा वेदमा यस्तो छः--

" नादो दशविधो जायते । चिणीति प्रथमः चिंचिणीति द्वितीयः घण्टानादस्तृतीय शंखनादश्चतुर्थः पंचमस्तन्त्रीनादः षष्टस्तालनादः सप्तमवेणुनादः अष्टमः भेरीनादः मवमो मृदङ्गनादः नवमं परित्यज्य दशमे वाभ्यसेत् । तस्मिन् मनोविलीयते । "

इति श्रुति वचनम् ।

आहतनादको वर्णन गर्नुभन्दा पहिले नादको केही वर्णन गर्नु छ। त्यो के हो भने नाद विमर्शांश हो

CC-0. In Public Domain. Digitization by eGangotri

अथवा विमर्शक रूपान्तर हो भन्ने र प्रकाश शिव र विमर्श-शक्ति वा चित्कलाको परस्पर मेल नभई आफ्-आफ्नो कला वा सत्ताको अनुभवै हुँदैन भन्ने कुरा शास्त्र-वचनसहित वर्णन भयो। फेरि प्रकाशमा उष्णतारूपले विमर्शव्याप्त भएको कुराको पनि वर्णन भयो। प्रकाश चक्षुगोचरको पोषक हुनाले यो चर्मचक्षुले स्पष्ट देख्छ तर यसमा भएको उष्णतारूपी विमर्श अनुभवगम्य छ। यस्तै प्रकारले विमर्शरूपी नादमा पनि प्रकाश व्याप्त छ। कसरी भने दुई वस्तुको ठक्कर लाग्दा भएको कम्पन-बाट नाद वा शब्द आउँछ भन्ने माथि बयान भयो। यी २ वस्तु ठक्कर लाग्नासाथ नाद जो जति निस्कन्छ त्यो कम्पनबाट निस्कन्छ साथसाथै प्रकाश पनि हुन्छ। तर जति बेर कम्पन रहन्छ उति बेरमात्रै यो नाद र प्रकाश अड्छ। नाद कर्णगोचर हुनाले आघातमा मात्रै क्षणिक प्रकाशको अनुभव अन्तर्चक्षुले पाउँछ नत्र भने यो अनुभवगम्य मात्रै हुन्छ, नाद वा शब्दको अनुभव भने कम्पन भएसम्म कानले सुनेर अनुभव हुन्छ, जस्तो प्रकाश वा किरणको तरंग रेखारूपको हुन्छ त्यस्तै नादको वा

CC-0. In Public Domain. Digitization by eGangotri

कम्पनको (नादको र कम्पनको शब्द र अर्थको जस्तो भेद नभएको यौटै रूप हो) पनि रेखारूप ध्वनितरंग हुन्छ। फेरि कम्पन हुँदा कम्पन गराउने वा ठक्कर खाई माग्ने वस्तुको ओजनअनुसार नादको पनि ओजन हुनाले बोधो र चर्को नाद वा शब्द सुनिन्छ। अतः कानद्वारा नाद वा शब्दको ओजनको अठोट हुन्छ। यस प्रकारले तौलअनुसार आहतनाद सात प्रकारका भए। तिनको संज्ञा यस प्रकारको छ—

षड्जः ष प्रथमः, ऋषभः ऋ द्वितीयः, गान्धारः ग तृतीयः, मध्यमः म चतुर्थः, पंचमः प पंचमः, धैवतः ध षष्ठः, निषादः नि सप्तमः। एते सप्तस्वराः

इति आगम वचनम्।

यसैबाट "षऋगमधनि" भन्ने सात अक्षरको सूत्र बन्यो। * फेरि यो नाद हामी हरायो भन्छौं तर हाम्रो कर्णगोचरमा मात्रै हराउँछ वास्तवमा यो अनन्त छ। किनभने जब हामी यौटा गुफामा गएर सानो आवाज झिक्दा वा कहीं एकलासको ठाउँमा गएर कराउँदा ठीक उस्तै अवाज नकल गरेजस्तो अर्को ठाउँमा अर्थात्

---

* यसलाई नाद सूत्र भन्दछन्।

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तरीक्षमा सुनिन्छ त्यही नाद वा ध्वनिलाई प्रतिध्वनि वा प्रतिनाद भन्दछन् । ध्वनि वा नादको ध्वनितरंगले वायुमा आघात गर्छ, अर्थात् ठक्कर खान्छ । त्यसबाट निस्केको कम्पनलाई प्रकम्पन भन्दछन् । सोही प्रकम्पन-द्वारा प्रतिनाद निस्केको हो । केवल ज्यादै ठूलो आवाज-बाट तोपको आवाजजस्तो निस्केको प्रकम्पनको मात्रै हामी भुइँ थर्केको बाट अनुभव पाउँछौं । यस्तै प्रकारले दुई वस्तुको ठक्कर रूपी चाल अनि कम्पन अनि नाद अनि प्रचाल अनि प्रकम्पन अनि प्रतिनाद अनि उप-प्रचाल अनि उपप्रकम्पन अनि उपप्रतिनाद । यस्तै चालले अलि-अलि गरी पतला-पतला हावाको साथमा विस्तारै-विस्तारै गरी पातलिंदै माथि-माथि गएर पराद्धकल्पमा नादब्रह्ममा मिलेर कहिले पनि नाश हुँदैन । अनाहतको पनि सोही नियम हो । अतः यो संसारमा जस-जसबाट जे-जे नाद वा आवाज निस्कन्छ त्यो यही विश्वमा पराद्धाकल्पसम्म गुंजिरहेर अन्त्यमा नादब्रह्ममा मिलेर अविनाशी हुन्छ । यस विषयमा संकेत यस्तो छ—

294.592
रा ९५ त
5150

CC-0. In Public Domain. Digitization by eGangotri

विन्दुनादात्मकं सर्वमाब्रम्हभुवनात्मकम् ।
विन्दुरूपः परः शम्भुकरमार्गेण× विस्तृतः ॥
नानरूपा पराशक्तिःप्रप्रतिचोपमार्गतः+ ।
नादब्रम्हत्वमापन्नौ सृष्टिस्थितिलयात्मकौ ॥

इति स्वतन्त्र तन्त्र वचनम् ।

अब मिश्र विन्दु वा सूर्यविन्दुतिर हेरौं । जस्तो शुक्तविन्दु वा चन्द्रविन्दुको सेतो रंग र रक्तविन्दु वा अग्निविन्दुको रातो रंग हुन्छ, उस्तै मिश्रविन्दु वा सूर्यविन्दुको सात रंग हुन्छ । यही मिश्रविन्दुको अनुकरण वा प्रतिविम्बरूप सूर्य हुनाले सूर्यमा पनि उस्तै मिश्रविन्दुको जस्तै सात प्रकारको विभिन्न वर्ण हुनाले अर्थात् सात रंगको तेजपुञ्ज हुनाले सूर्यलाई सप्ततुरगः पनि भन्दछन् । " तुरगः " भनेको के हो भने तुर त्वरेण घञर्थकह अर्थात् चाँडो गच्छति यः सः अर्थात् जो जान्छ सो तुरग ः। अतः चाँडो हिंड्ने हुनाले व्यवहारमा " घोडा "-लाई "तुरंगः" भन्दछन् । तर वास्तवमा

× प्रकाशको किरणको रेखाद्वारा ।

+अधि बताएभैँ चालध्वनि प्रकम्पन प्रतिध्वनि उपप्रतिध्वनि इत्यादिद्वारा ; यसलाई विन्दुसूत्र भन्दछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

तेजभन्दा छिटो हिंड्ने संसारमा अरू केही पनि नहुनाले खास गरेर "तुरगः" भनेको तेजपुञ्ज नै हो। यी सात वर्णहरूको विषयमा यस्तो संकेत छ --

मिश्रतो हीन्द्रनीलंच नीलवर्णंच खप्रभम् ।
हरित पीतंच स्वर्णाख्यं रक्तवर्णं वदाम्यहम् ॥
सप्तैतानि क्रमेणैव गर्भितानि पृथक् पृथक् ।
तृतीये प्रथम मिश्रे मध्यमासं प्रदृश्यते ॥
मिश्रिते सकलेवर्णं त्ववर्णामिं भवेत् पुनः ।
पारंपर्येणजातव्या मायैषा संकिता मयाः ।
इति आगमकल्पद्रुमे ।

अब यो संकेतको यथाज्ञान व्याख्या हुन्छ। ती सूर्यविन्दुमा रहेका सात वर्ण के के हुन् भने, १. इन्द्रनील (गोलसजन् रंग)। २. नील (गाढा नीलो रंग)। ३. खवर्ण (आकाशजस्तो अस्मानी रंग)। ४. हरित (हरियो रंग)। ५. पीत (पहेलथा रंग)। ६. स्वर्ण (सुनौला अर्थात् सुन्तला रंग)। ७. रक्त (रातो रंग)। यिनै सात पदका आद्यक्षरहरूको अर्थात् पहिला अक्षर-हरूको द्वन्द्व समास भएर " इनीखहपीस्वराः " भन्ने सात

CC-0. In Public Domain. Digitization by eGangotri

अक्षरको सूत्र बन्यो। यो दुई नादसूत्र र विन्दुसूत्रको सारांश नै साम्राज्य मेधादीक्षाकी अलेखिनी विद्याका सात कूट हुन्। यी कूटाक्षरको आकार अहिलेसम्म नबने-बाट यो अलेखिनी विद्याका लेख्न नहुने स्पष्ट उच्चारण पनि हुन नसक्ने मननमात्रै हुन सक्ने विद्या भइन्। फेरि माया भनेकी यस्ती हुन् कि त्यो सूत्रमा बताएको हरेक पहिलो रंग र तेस्रो रंग बराबरी भागमा भएर जोड्सित घुम्दा बाचको रंगजस्तो देखिन्छ। सातोटै रंग भने अवर्ण अर्थात् अलि-अलि र छाया सेतो तेजोपुञ्ज-जस्तो भान पर्छ। विन्दुमा वा सूयमा सात वर्ण नक्शा-बमोजिम छन्।



माथि बताएबमोजिम यस प्रकारको चर्मचक्षुमा भान पर्ने जान्छ, जस्तैः—

CC-0. In Public Domain. Digitization by eGangotri

इ ख = नी । नी ह = ख । ख + पी = ह । ह ख = पी
पी र = स्व । स्व इ = र । र नी = इ । इ नी ख ह पी
स्व र = अवर्ण ।

केवल मायाको जालले मात्र यस्तो देखिन्छ तर वास्तवमा त आफ्‌आफ्नो रङ्ग छँदैछ । फेरि यिनै प्रकाशको वर्ण वा रंग ध्वनितरंगसित मिल्दा सातै रङ्गको रेखा रूप बन्दछन् । नादविन्दुको समष्ठित रूप यही हो । यसको मोटाई एक अंगुलमा धेरै हजार अटाउँछन् । लम्बाईको हकमा रोकावट नभएसम्म जजि टाढ़ासम्म पनि पुग्न सक्छ । यी सात तरङ्गहरू-मध्ये क्रमशः इन्द्रनीलदेखि रक्तसम्म मोटाई हुँदै गएको हुन्छ । अतः रातो सबैभन्दा मोटो र इन्द्रनील सबैभन्दा मसिनो हुन्छ । अनि सम्वित्‌बाट निस्केको जो "सः" तत्त्व थियो त्यसबाटै 'स ० ०' अर्थात् 'स' तत्त्वको एक भाग र 'विसर्गतत्त्व' हको आधा-आधाको दुई भाग ती शुल्क र रक्तविन्दुको ठाउँ साटासाट हुँदा मिल्न गई अघि मन, बुद्धि, चित्त र अहंकार घोल्लिएर वा कहलि-एको वायुमा सानो-सानो पानीको कणाहरू बनी मिल्न

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्यो। फेरि सम्वित् इच्छा ज्ञान क्रियात्मकमाथि चताएको त्रिकोणको प्रतिविम्ब नादको सात वर्णको गुणन भएर पर्दा नक्शाबमोजिम ७ ७ = ४९ त्रिकोण बन्न गए।



यस यन्त्रलाई "जननयन्त्र" भन्दछन्। यो यन्त्रको संकेत यस्तो छः—

CC-0. In Public Domain. Digitization by eGangotri

"वारूणं कोणमारम्य सप्तधाविभजेत् समम् ।
एवमीशाग्निकोणाभ्यां जायन्ते तत्र योनयः ॥
नववेदमितास्तत्र विलिखेन्मातृकांक्रमात् ।
अकारादि हकारान्तामीशादि वरूणावधि ॥
ततः समुद्धरेन्मन्त्र जननं तदुदीरितम् ॥"

इति आगम वचनम् ।

फेरि क्रमशः इन्द्रनील रेखा सबैभन्दा मसिनो हुनाले अलिकृतिमात्र रोकावटबाट पनि रोकिने हुनाले सबभन्दा छोटो र रातोचाहिं सबभन्दा मोटो हुनाले सानोतिनो रोकावटबाट रोकिने हुँदा सबभन्दा लामो हुन्छ । सानो-सानो पानीका कणहरू वाफ भएर वायुमा मिलेको ठाउँमा नक्शाझैं भएर ४९ त्रिकोण वा योनिहरू जो बने तिनमा सूर्यको किरण पानीका कणहरूमा पर्दा सात वर्ण वा रंगको इन्द्रधनु देखिए-जस्तो गरी मिश्रविन्दु वा सूर्यविन्दुको किरणको अनुपात पर्न जाँदा भिन्नाभिन्न रंगका भएर धेरै सूर्यको किरण भिन्न-भिन्न रङ्गका ऐनामा पर्दा प्रत्येकमा एक-एक सूर्य भिन्नाभिन्नका रङ्ग भएर देखिएझैं गरी प्रत्येक

CC-0. In Public Domain. Digitization by eGangotri

योनिबाट नक्शाबमोजिम ४६ ओटा विभिन्न अक्षरहरू बने। अब यस विषयमा विशेष केही सम्झाउने कोशिश गर्छु। जति मसिनो किरणको रेखा वा लहर हुन्छ उति सूक्ष्म रूकावटबाट रोकिने हुनाले सबैभन्दा माथिका योनिहरूमा सबैभन्दा छोटो भएर सबैभन्दा मसिनो इन्द्रनीलरेखाको अनुपातले त्यस पंक्ति रँगाए। यस्तै गरी क्रमशः मोटा किरणको रेखा विशेष रूकावटबाट मात्रै रोकिने हुनाले सबैभन्दा तलको योनिमा सबै-लामो भएर सबैभन्दा मोटो "रक्तरेखा"-को अनुपातले त्यो एउटा योनि रँगायो। फेरि जति हलुका पदार्थ वा वस्तु हुन्छ उति हावामा वा पानीमा छरिएर धेरै-जस्तो भएर माथि-माथि तर लागेर बस्ने हुनाले "निनाद"-को तरंग सबैभन्दा हलुको हुनाले त्यस नादबाट बनेको। योनि धेरैजस्तो भई माथिको तहमा पंक्ति बन्यो। यस्तै गरी क्रमशः "षनाद"-को तरंग सबैभन्दा गऱ्हुंगो हुनाले त्यसबाट बनेको योनिचाहिं जति गऱ्हुंगो पदार्थ वावस्तु हुन्छ उति थेग्रिएर जमठ भई तल जमेर बस्ने हुनाले, यौटामात्र योनि भएर

CC-0. In Public Domain. Digitization by eGangotri

सबैभन्दा तल रहन गयो। फेरि आत्मा अर्थात् 'अहँ' भावमा प्रकाश हलुका भाग 'अ' हलुका हुनाले जति-जति माथि भयो उति "अ"-को भाव बढ्दै जाँदा सबैभन्दा माथिको पंक्तिमा विमर्श "ह"-को भाव एकदम हराएजस्तै र विमर्श "ह" बोझा भाग गन्हुंगो हुनाले जति-जति तल भयो उति-उति "ह"-को भाव बढ्दै जाँदा क्रमशः तलको योनिमा "अ"-को भाव एकदम हराएजस्तो भई गिनें दुई अक्षरको भावको घटोबढी भएर मिलेको भावसाथ भएका प्रत्येक योनिहरूमा किरणको लहरको अनुपातको आघात पश्यन्तिनाद त्रिकोणको इच्छाबाट बनेको रेखामा पर्दा निस्की त्यसको नाद तरंग फेरि अर्को ज्ञानबाट बनेको रेखामा पर्दा मध्यमानाद बन्यो। अनि फेरि सोही नाद तरंग क्रियाबाट बनको रेखामा पर्दा वैखरीनाद भएर स्पष्टसाथ पृथक्-पृथक् नक्शामा भएबमोजिम अक्षररूपी नाद अर्थात् अक्षर बने। यस विषयमा संकेत यस्तो छ —

पराभूजन्म पश्यन्ति वल्ली गुच्छसमुद्भवा।
मध्यमा सौरभा वैखर्यक्षमाला जयत्यसौ॥

इति आगम वचनम्॥

CC-0. In Public Domain. Digitization by eGangotri

अब उता कामकलो "अहं"-तिर हेरौं । यो "अहं" आत्मा जब "सः" ब्रह्मको संकेतसित विद्या साथमा लिएर मिल्छ, तब सः अहं सोऽहं बन्दछ । यहाँ "सः"-को विसर्ग र "अहं"-को "अ" मायारूपी चुकुलको प्रभावले एक जीउ बनेर "ओ" मात्र र लुप्ताकार चिन्ह हुन गएको हो । यो "सोऽहं" परमात्मा रूप बन्यो । अनि उही "सः" अविद्या साथमा लिएर जब "अहं" आत्मा मिल्छ, तब अहं सः=हंस बन्यो । यहाँ "अ" विद्यांस हुनाले मायारूपी चुकुलको प्रभावले "अ"-लाई एकदम लथाप गराएको हो । यो "हंसः" जीवात्मा बन्यो । फेरि सोही "अहं" आत्मा "चैतन्य शिवरूपै"-मा मिल्दा शिवः अहं=शिवोऽहं बन्यो । यहाँ पनि "शिव" ज्ञानरूप भएबाट विसर्ग र "अ"-को रूप "अ" मात्रा र लुप्ताकारमा परिणत भएको हो । यो "शिवोऽहं" ज्ञानात्मा बन्यो । अतः यही चार आत्माको संकेतरूप परब्रह्मको सगुण स्त्रीरूपमा वा पुरुषमा प्रायशः चार बाहु हुन्छन् । यी चार आत्माबाट बनेका ४ सूक्ष्माभिकणको समागम र अक्षरहरूको उत्पत्ति भएको यो अध्वलाई पदाध्व भन्दछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

अथ पञ्चमः पटलः

शेषजीको अनन्त मुख भएजस्तो ती अक्षरहरूको परस्पर स्पन्दि र मात्राहरूको मेलबाट अनन्त तत्त्वहरू बने। ती अनन्त हुनाले बीजाक्षर* र कूटाक्षरका बाहेक अरू सबै अक्षरका तत्त्वहरूको संज्ञा वा नाम त्यही-त्यही अक्षर नै हुनगयो। तर धेरैजसो बीजाक्षरहरू र कूटाक्षर-हरूको भने आफूआफ्नो संज्ञा वा नाम छ र तिनी-हरूको तत्त्वको पनि सोही नाम हुन्छ। अब तत्त्व भनेको के हो त्यस विषयमा यस्तो भनिन्छ। (तननं। तत्। संपादित्वात्) अर्थात् जसबाट सम्पादन हुन्छ अर्थात् बन्दछ। फेरि कला भनेको गुण वा स्वभाव भने हुन्छ भनेर माथि बयान भयो। सार भनेको वस्तुको रहस्य पदार्थ हो। अब यहाँ दृष्टान्तको लागि दुवै सम्झौं। दूधको सार नौनी, गुण पोस गराउने इत्यादि लक्षण सेतो झोल र तताउँदा बाक्लिएर तर लाग्ने फेरि दही जम्ने इत्यादि कला पौष्टिकपन अर्थात् पोसिलथापन र सेतोपन

---

* बीजाक्षर र कूटाक्षरको वर्णन पछि हुनेछ।

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि गुलियोपन इत्यादि, अनि तत्त्व जसद्वारा यो बन्यो न त त्यो गाई हो, न त त्यसको रगत, न त पञ्चमहाभूत, केवल विचारगम्य अति सूक्ष्म पदार्थ हो । अतः तत्त्वको विषयमा शिव-स्वरोदयमा यस्तो छ ।

तत्त्वाद् ब्रह्माण्ड मुत्पन्नं तत्त्वेन परिवर्तते ।
तत्वे विलीयतेदेवि तत्वाद् ब्रह्माण्डनिर्णयः।।

अर्थात् तत्त्वबाटै ब्रह्माण्ड बन्यो, तत्त्वमै अडि-रहेछ । फेरि तत्त्वमै मिल्दछ । त्यस उसले ब्रम्हाण्डको निर्णय + तत्त्वैबाट × हुन्छ ।

अनि कामकलाको साररूप भएर कामकलाबाट निस्केको "सः" तत्त्व सम्वित वा हार्द्धकलाको तत्त्वमा मिलेर "ह्यः" तत्त्व बन्यो । यसमा "औ" तत्त्व चुकुलजस्तो भई नादबिन्दुको संयोग हुँदा श्री प्रासादबीज बन्यो ।



+ सृष्टिस्थिति संहारान्तलीलानुग्रह ।
× जसबाट सबै कुरा बन्छ त्यो अदृश्य सत्ता (Potency) वा (Energy) भने होला ।

CC-0. In Public Domain. Digitization by eGangotri

अनि मायाजालका सूक्ष्माछेदबाट अघि बनेका ४ आत्मा जम्मा भएको नाभिकणमा पर्दा क्यामेराले तस्वीर खिचेजस्तो गरी नक्शाबमोजिम भई सो उल्टिएर "ह" बनी पराप्रासाद बीज बन्यो।

यही दुई बीजको तत्त्वलाई प्रासादितत्त्व भन्द-छन्। यिनै अक्षरहरूबाट तत्त्वहरू निस्केका हुनाले यी अक्षरहरूलाई मातृका भन्दछन्। यस विषयमा संकेत यस्तो छ–

सर्वे वर्णात्मकामन्त्रास्ते च शक्त्यात्मकाः प्रिये।
शक्तिस्तु मातृकाज्ञेया सा च ज्ञेया शिवात्मिका ॥
यासातु मातृका लोके परतेजः समन्विता।
तयाव्याप्तमिदं सर्वं मा ब्रह्मभुवनत्रयम् ॥

इति तन्त्र सद्भाव वचनम्।

अनि प्रकाश "अ"-मा "स"तत्त्व मिल्दा "अस" भन्ने क्रियाशील धातु रूपतत्त्व बन्यो। अनि यही तत्त्व-द्वारा मातृका वर्णलाई आठ भाग गराई अष्टवर्ग अर्थात् "अवर्ग" (अ आ इ ई उ ऊ ऋ ॠ ऌ ॡ ए ऐ ओ औ अं अः)। कवर्ग (क ख ग घ ङ)। चवर्ग (च छ ज

CC-0. In Public Domain. Digitization by eGangotri

झ ञ)। टवर्ग (ट ठ ड ढ ण)। तवर्ग (त थ द ध न)। पवर्ग (प फ ब भ म)। यवर्ग (य र ल व)। शवर्ग (श ष स ह)। यति ८ वर्गका आद्यकारका (अ क च ट त प य श) प्रत्येक तत्त्वहरूमा "अस्" तत्त्व मिल्दा आठै जातका फरक-फरक कणरूप अष्ट धातुहरू बने। यसको संकेत यस्तो छ—

" अकचतटपयसा अष्टधातवः।"

इति श्रुति वचनम्।

अनि फेरि "ल" तत्त्वमा "ड" × तत्त्व मिल्दा अर्को हिलो रूप बनाउने "ल" तत्त्व, "क" तत्त्व र "ष" तत्त्व मिल्दा नाश गर्ने वा भत्काउने "क्ष" तत्त्व निस्केर पुच्छ मातृका बनेर 'लक्ष'-समेत ५१ मातृका बनेर अर्को यी दुई अक्षरका "लवर्ग"-समेत भई जम्मा नववर्ग भए। अनि यी नववर्गका प्रत्येक वर्गको पूरा-पूरा सबै अक्षरका तत्त्वहरूको एकीकरण भई अर्थात् मिसावट भई नवरत्न बने। यस विषयमा संकेत यस्तो छ—

× मातिगर्भाऽस्याम् मातृ (मा + नप्तृनेष्ट कः + टाप्) मातृका तन्त्रले "ळ"-बाहेक "ल"-भन्ने अर्को अक्षरमा मानेको।

CC-0. In Public Domain. Digitization by eGangotri

'माणिक्यमादिवर्गाच्च यवर्गान्मौक्तिकन्तथा ।
कवर्गाद्विद्रुमश्चैव चाद्वैमरकतन्तथा ॥
पुष्पंठात् तत्तुवज्राख्यं पवर्गान्नीलकन्तथा ।
गोमेदं हि शवर्गाच्च लाद्वैदूर्यं महेश्वरि ॥
एतानि नवरत्नानि जायन्ते तत्वतः सकृत् ।'

इति बृहद्वडवानल तन्त्र वचनम् ।

अर्थात् अवर्गका १६ अक्षरका तत्त्वको समूहबाट माणिक, त्यस्तै यवर्गको ४ समूहबाट मोती, कवर्गको ५-बाट मुगा, चवर्गको ५-बाट पन्ना, टवर्गको ५-बाट पुष्पराज, तवर्गको ५-बाट हीरा, पवर्गको ५-बाट नीर, शवर्गको ४-बाट गोमेद, अनि ल्वर्गको २-बाट ल्सुनी बने ।

एवं प्रकारले पूर्वोक्त विन्दुहरूको कामकलात्मक नाभिकणमा पृथक्-पृथक् तत्त्वहरू साथमा लिई भएको परिक्रमाको हिसाबले धातु, रत्न, अणु, परमाणुहरू अनन्त बने । अनि अघि बयान गरेका ४ आत्माको जम्मा भएबाट बनेको कणमा जम्मा हुन थाल्यो र यौटा पिण्ड बन्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि उता त्यो सम्वित्को त्रिकोणको ३ रेखामा विमर्श "ह"-ले कलाद्वारा आफूबाहेक अरू ४८ अक्षरको तत्त्वलाई सोह-सोह भागमा विभाजन गरी आफ्नो तत्त्व प्रकाश "अ"-को मुखमा र अरू युच्छ दुई अक्षरको तत्त्वलाई बाँकी दुई मुखमा राखी व्याप्त गराई नक्शा-बमोजिम त्रिकोणाकार "अथक" नामको जालरूप तत्त्व बन्न गयो । अनि प्रकाशमा उष्णारूपी विमर्शको प्रबल हुन लाग्यो र प्रकाश ज्यादै प्रोज्ज्वल भयो । सोही प्रकाशको तेज वा किरण काँचरूप "अकथ" तत्त्वमा परी



त्यसद्वारा त्यो अवि बनेको पिण्डमा सूक्ष्मलक्षाघात पर्दा त्यसमा कालाग्निरूद्र रूप आगो सल्कियो । त्यसपछि त्यो पिण्ड बाक्लिएको वायुमण्डल वा हावामा पर्दा

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसमा परेको आगो दन्किन थाल्यो र तलको नक्शा-जस्तो हुनगयो। अनि आगोको राप र वायुको प्रभावले "अकथ" तत्त्वसमेत पंखा घुमेजस्तो गरी घुम्दै यता र उता सर्नसमेत लाग्यो। त्यसो हुँदा जब माथि बयान गरेको माया (ह्रीँ)-को शक्तिमा "ल" तत्त्वको आभास पर्‍यो तब "ह्लीँ" रूप शक्ति स्थिरमयाकूट वा आकर्षणशक्ति बन्न गयो। त्यसबाट सो पिण्ड व्याप्त भयो। फेरि जब "ज" तत्त्वको आभास त्यस पिण्डमा पर्‍यो तब यताउति गर्दा "ऊ" तत्त्व उत्पन्न भई सो "ज" तत्त्वसा मिली "जूँ" तत्त्वले सो पिण्डको बलेको पदार्थलाई द्रवरूप अर्थात् झोल बनाइदियो। तर आकर्षणशक्तिको प्रभावले त्यो यताउति जान सकेन। अनि प्रणवमा रहेको "मूँ" तत्त्व यसद्रव पदार्थमा जस्तै-बाट पनि नगल्ने सार्‍हो नाभिकण बनेर भ्यागुता हिलो पानीमा खेलेझैं गरी त्यो द्रव पदार्थमा खेल्न थाल्दा त्यो नाम "मण्डूक" + भयो। अनि सम्मिश्रत्वबाट बनेको "सः" तत्त्वले कालाग्निरुद्रलाई साम्य गराई तिनको उष्णता

+ मण्डयति जलाशयम्, मण्डते मडि(भूषायाम्।

CC-0. In Public Domain. Digitization by eGangotri

साथमा लिई आफूभित्र घुसेर बस्यो । अनि "ज्यू" तत्त्वमा नादविन्दु मिली सो नादविन्दुले बाहिरपट्टिबाट दूधमा तर लागेजस्तो गरी बाक्लो तर लगाई त्यो पिण्ड खँदिलो भई स्थूलदेह तयार भयो । आत्मतत्त्वको प्रादुर्भाव भयो । अनि "अकथ" तत्त्वको बीचमा पूर्वोक्त नक्शा-जस्तो बीचमा विन्दुरूपमा प्रणव तत्त्व मिली वायवीरूप "अकथ" चक्र बनी सो पिण्डलाई तताएको फलामलाई योग्यआकारको बनाउन घनले चुटेजस्तो गरी आघात गर्‍यो र फलामबाट झिल्का उडेजस्तो गरी झिल्का अनन्त निस्कँदा अनन्त सूर्यहरू बने। त्यो स्थूल पिण्डको पनि बाहिरी तह भएर लागेको तर सेलायो । अनि उही "जू" तत्त्व र "सः" तत्त्व प्रणव तत्त्वमा पुच्छर लाग्दा लाहा पगालेको जस्तो रंगको महजस्तो द्रवपदार्थ सोमरस वा अमृत बनी सो पिण्डलाई आप्लावित गराएर रह्यो । अतः यो पिण्डको नाम "सोम"❀ भयो। यी सोम हाम्रो पृथ्वीको कला-रूप जो चन्द्र हुन् ती हैनन् ।

❀ यो सोम भनेको नीहारिका(Nebula) हो । यिनलाई विश्वसोम पनि भन्दछन् ।(अक्षरमा नाद र विन्दु मिलेपछि बीष बन्दछ । विशेष पछि वर्णन हुनेछ ।)

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रको बयान पछि हुनेछ। अनि "ह"-मा नादविन्दु मिलेर इन्द्रनील, नील र स्वर्ण ज्योत्स्नामा मिलेर आकाशतत्त्व बनेर छिरबिरे रंगको (सेतोमा माथिको ३ रंगको यस्तो साना-साना शून्यहरू भएको रंगको "ह"-तत्त्व, "य"-मा त्यस्तै गरी नादविन्दुसहित हरित ज्योत्स्नामा मिलेर, वायुतत्त्व हरियो रंगको "य" तत्त्व, "र"-मा उस्तै गरी रक्त ज्योत्स्ना मिलेर तेजतत्त्व रातो रंगको "र" तत्त्व, "व"-मा उस्तै गरी खवर्णको ज्योत्स्ना-मिलेर नीर रंगको "व"-तत्त्व, अनि "ल"-मा उस्तै गरी पीत ज्योत्स्ना मिलेर पृथ्वीतत्त्व पहेलो रंगको "ल" तत्त्व बन्यो। यसो भएर बनेका यी ५ तत्त्वहरूद्वारा पञ्चमहाभूत पृथ्वी जल, तेज, वायु र आकाशको स्पष्टीकरण भयो। अनि अघि बनेको ५१ मातृकामध्ये "अः"-चाहिं "अ"–मा मिलाएर विसर्गलाई सबैमा साजो-गराएर ५० मातृका बनाई मूल प्रकृतिको पूर्वोक्त पर-तत्त्वले दशको भाग लगाई ती पञ्चमहाभूतको आत्मा बनाइदियो। जो-जो अक्षर लेखिन्छ सोही-सोही तत्त्व भन्ने पाठकवर्गमा बोध परोस् भन्ने प्रार्थना छ। नक्शा-

CC-0. In Public Domain. Digitization by eGangotri

बमोजिम आत्म बनेपछि यो ददश अक्षरबाट आफआफ्नो तत्वात्मक बीजको प्रभावले पञ्चतन्मात्रा बन्न गए अर्थात् "हँ"-को प्रभाव आकाशात्मक दश अक्षरमा पर्दा शब्दतन्मात्रा, "यँ"-को प्रभाव वाय्व्यात्मक १० अक्षरमा पर्दा पर्शतन्मात्रा, "रँ"-को तेजसात्मक १०अक्षरमा प्रभाव पर्दा रूपतन्मात्रा, "वँ"-का जलात्मक १० अक्षरमा प्रभाव पर्दा रसतन्मात्रा, अनि "लँ"-को पृथ्व्यात्मक १० अक्षरमा प्रभाव पर्दा गन्धतन्मात्रा निस्कन गए। अक्षर विभाजनको नक्शा यस्तो छ।

पृथ्वी	उ	ऊ	ओ	ग	ज	ड़	द	ब	ल	ल	पहेलो रंग
जल	ऋ	ॠ	औ	घ	झ	ढ	ध	भ	व	स	अस्मानी रंग
तेज	इ	ई	ए	ख	छ	ठ	थ	फ	र	क्ष	राता रंग
वायु	अ	आ	ऐ	क	च	ट	त	प	य	ष	हरियो रंग
आकाश	ऌ	ॡ	अं	ङ	ञ	ण	न	म	श	ह	छिरिविरे रंग

÷माथि बयान भएको शब्द वा नाद दिव्य हुनाले तन्मात्राको शब्दसित केही भेद छ जो अनुभवगम्य छ। तन्मात्राको रूप यस्तै हो।

CC-0. In Public Domain. Digitization by eGangotri

यस नक्शाको विषयमा संकेत यस्तो छ—

"तस्माद्वर्णाश्च पंचाशत्पंचभूतमयायतः ।
तृतीयावर्गगाः कर्णावोल्लाः पार्थिवाः मताः ॥
नासयैयवर्गतुर्याश्चवसौवर्णाः स्मृताअयाम् ।
नेत्रेद्वितीय वर्गाणमैरक्षा पावकात्मकाः ।
वर्गाद्यानन्तक्षिण्टीशा अयषा मारूता मताः ॥
वर्गान्तिमाः कपोलौशोहोविन्दुश्चेति नाभसाः ।
विसर्गस्तु प्रकृत्यात्मा सर्वभूतमयोयतः ॥"

इति आगम वचनम् ।

यो विश्वमा यस्तै प्रकारले हर निमेषमा यस्ता सोमहरू कैयन् बन्दैछन्, कैयन् भत्कँदैछन् । यी तत्त्वहरू र सोम प्रादुर्भाव भएको अध्वलाई तत्वाध्व भन्दछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

अथ षष्टः पटलः

रसिला-रसिला कुराहरूको रस यो विज्ञान-खण्डमा केही मिल्दैन। यसमा त खस्रा-धस्रा कुराहरू निल्नै पनि मुश्किलका पदार्थले भरिएका कुराहरूमात्र पाइन्छ। त्यसमा पनि कति त गुरू वाक्यरूप सितन नभई निल्नै सकिँदैन। त्यस्तो कुरा मजस्तो एउटा निर्दो व्यक्तिले कागजको खलमा कलमको टुप्पाले घसिटेर जतिसम्म धुल्याउँन सकौंला त्यतिसम्म कोशिश गरिरहेछु।

तैपनि यो यस्तो रूखो हुनेछ कि गुरुवाक्यको सितन नभई चाट्नमात्र पनि मुश्किलै पर्ला जस्तो लाग्छ। तसर्थ मेरो यस लेखले राम्ररी पाठकवर्गमा बोध हुन सकेन भने मउपर क्षमा गरी मन्त्रको यथार्थ मर्मज्ञ गुरुद्वारा दीक्षा ग्रहण गरेमा बोध हुनेछ।

यो मन्त्राध्वको वर्णन गर्दा सबैभन्दा पहिले मन्त्र भनेको के हो त्यस विषयमा वर्णन गर्न अत्यावश्यक छ। "मननान्मत्र उच्यते" अर्थात् मनन गरिने

CC-0. In Public Domain. Digitization by eGangotri

भएकोले मन्त्र भनिन्छ भन्ने कुरा त अघि पनि बयान भयो। अर्को संकेत यस्तो छ—

मननाद्विश्व विज्ञानं त्राणं संसारबन्धनात्।
यतः करोति संसिद्धिं मन्त्र इत्युच्यतेततः॥

इति आगम वचनम्।

अर्थात् मनन गर्नाले विश्वको विज्ञान-शास्त्रको अध्ययन वा ज्ञान, अनि संसार-बन्धनबाट छुटकारा अर्थात् ब्रह्मत्व जसबाट पाइन्छ त्यो मन्त्र भनिन्छ।

मनन कसरी गर्ने भन्ने कुरा र जप-नियमहरूको बयान विज्ञान-विषयमा अर्को ग्रन्थ बन्यो भने त्यसमा हुनेछ। यहाँ त केवल मन्त्राध्वको वर्णन गर्नु छ। त्यस उसले "मन्त्र" भन्ने पदार्थको संकेत-सम्म बताइयो। प्रत्येक नादको नादतरंग हुन्छ भन्ने माथि वर्णन भयो। त्यस्तै प्रत्येक तरंगको वायु वा चित्तमा पर्दा पोखरीमा ढुंगाले हान्दा त्यसको आघात-अनुसारको चक्कारूप घुमरी पानीमा देखिएजस्तो गरी वायु वा चित्तमा प्रत्येक किसिम वा बान्कीका आफआफ्ना आकार बन्दछन्। फेरि कैयन् ध्वनि-

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिध्वनि र उप-प्रतिध्वनि इत्यादि वायुमण्डलमा गुँजि-रहेछन् भन्ने माथि वर्णन भयो। त्यसैबाट बनेका अकार रूप अनन्त सूक्ष्मकणहरू वायुमण्डलमा घोलिरहेका हुन्छन्। अनि मन्त्रको अक्षर, बीज र कूटहरूको क्रमैसित मनन हुँदा चित्तमा जम्मा भइरहेका आकारहरू ब्रह्मरन्ध्रको अति सूक्ष्मद्वारबाट निस्कँदा जापकलाई मन्त्राथले अनाहतमा लय गराएर तद्रूप बनाई निस्केको नादतरंगले वायुमा भएका आफ्नो शक्तिले भेटेसम्मका कणहरूलाई एकत्रित पारी यन्त्ररूप बनेर द्रुतगतिले नाद ब्रह्ममा मिल्न पुग्छ। यी सब अनुभवगम्य छन्। अतः मन्त्रलाई देवताको वाङ्मय मूर्ति भन्दछन्। यस्तै गरी त्यो बाहिरी कणरूपमा अशुद्ध संकल्पले पर्न गए केही बेर स्थायी भई साधारण व्यवहारिक नादबाट बनेको सामान्य कणहरूजस्तो भई फुटेर वायुमै लर्खरिन्छ। केही स्थिर चित्त र शुद्ध संकल्पले पर्न गई केही तत्त्वहरू पनि बन्न सक्छन्। खालि मन वा रित्तो मन अर्थात् नैष्काम्य वा केही पनि नचिताएर शुद्ध संकल्पले पर्न गयो भने एकदम सिधा गएर नादब्रह्ममा मिल्छ। जापकले शुद्धभावले

CC-0. In Public Domain. Digitization by eGangotri

संकल्प उठाएर संकल्प वा विनियोग गरेर जप गरेको भए त्यो तुरुन्तै तत्त्वरूपमा परिणत भएर यथायोग्य काम गर्छ। अतः मन्त्रार्थ, मन्त्रचैतन्य र मन्त्र-शिक्षाको ज्ञान नभई मन्त्र जपेको फल हुँदैन भनेर शास्त्रले यस्तो संकेत गर्छ—

मनो न्यत्र शिवो न्यत्र शक्तिमन्यत्र मारूतः ।
न सिद्यति वरारोहे कल्पकोटिशतैरपि ॥
मन्त्रार्थं मन्त्रचैतन्यं योनि मुद्रां नवेत्तियः ।
शतकोटिजपेनापि तस्य सिद्धिर्नजायते ॥
लुप्तवीजाश्चयेमन्त्रा न दास्यन्ति फलं प्रिये ।
मन्त्राश्चैतन्य सहिताः सर्वे सिद्धिकराः स्मृताः ॥
चैत्तन्यरहिता मन्त्राः प्रोक्तानैवफल प्रदाः ।

इति कुलार्णवतन्त्र वचनम् ।

यस उक्तिको व्याख्या धेरै लम्बे-चौड़े हुनाले र यहाँ अरुको वर्णन गर्नपर्ने हुनाले यसको वर्णन जप-विधानमा मात्रै गर्न योग्य हुँदा संक्षेपमात्रै गरेमा क्षमा प्रार्थी छु। शास्त्रमा यस्तो छ तापनि "विश्वासः फलदायकः" भन्ने पनि शास्त्र-वचन हुनाले र आजकाल

CC-0. In Public Domain. Digitization by eGangotri

योग्य गुरुको अभाव हुनाले आफ्ना गुरुबाट जो पायो त्यसैमा दृढ विश्वास राखेर गर्दै गरे कालान्तरमा सद्गुरू मिल्न सक्तछ। सद्गुरु पाएर मात्रै गर्छु भनी उसै बसे गुरु खोज्न र चिन्न पनि सकिन्न। ठग गुरु धेरै हुन्छन् त्यस्तैको फेला पर्ने सम्भव हुन्छ। शास्त्रले गुरुको विषयमा यस्तो भन्छ—

गुरवोवहवःसन्ति शिष्यवित्तापहारकाः,
दुर्लभोहि गुरूःकश्चित् शिष्यसन्तापहारकः॥
असद्गुरुः स्वतं नष्टः कथं तारयते परम्॥

अब यी सब कुरा छाडी अध्वको कुरातिर जाऔं। माथि बयान गरिएका सोम परशक्तिको प्रभावले भुरुङ्गजस्तो घुम्दा जतातिरबाट फन्को मारिन्छ त्यो "पूर्व", त्यसको विपरीत "पश्चिम", जतातिरबाट आकर्षण भइरहेछ त्यो "उत्तर", त्यसको विपरीत "दक्षिण" साक्षीरूप अवांगमनसगोचर शून्य भएतिर "ऊर्ध्व" अनि त्यसको विपरीत "अधः" भन्ने छ दिशाहरू*कल्पना भए। फेरि माथि बताइएका भूतात्मवर्णहरूमध्ये

* दिशात्यवकाशो अतिसर्जनेष्वीप्।

CC-0. In Public Domain. Digitization by eGangotri

पार्थिवतत्त्वका १० अक्षरहरूबाट जो-जो तत्त्व बन्दछन् ती-ती तत्त्व अधो दिशा अर्थात् तलतिर गएर नादबिन्दुसित इतरेतराभ्यास हुन जाँदा प्रत्येकबाट प्रत्येक बीजरूप मन्त्रहरू बनेर "अधराम्नाय", त्यस्तै गरी अपतत्त्वका १० अक्षरहरू दक्षिणतिर गएर "दक्षिणाम्नाय", तेजस्-तत्त्वका १० अक्षरहरू पूर्वतिर गएर "पूर्वाम्नाय" वायवीय तत्त्वका १० अक्षरहरू पश्चिमतिर गएर "पश्चिमाम्नाय", आकाशतत्त्वका १० अक्षरहरू उत्तरतिर गएर "उत्तराम्नाय", अनि विसर्गतत्त्व पूर्वोक्त प्रासादीतत्त्वमा मिलेर "उर्ध्वाम्नाय" यति ६ आम्नाय उत्पत्ति भई आम्नायात्मक बीजहरू बन्ने। अनि प्रत्येक आम्नाय आत्मा, परआत्मा, ज्ञानात्मा र जीवात्मा यति ४-मा लय हुँदा एक-एक आम्नायबाट चार-चार तत्त्व निस्कँदा ६ आम्नायबाट ६×४ = २४ तत्त्व बनी २४ अक्षरको गायत्री मन्त्र बन्यो। आम्नायको उत्पत्तिको बारेमा शास्त्र-वचन यस्तो छ —

पंचभूतात्मकंचैव शरीरं पंचसंस्कृतम् ।
एकीकृत्य तथा पंचभूतरूपेण संस्थिताः ॥

CC-0. In Public Domain. Digitization by eGangotri

निर्जीवाः जीवरूपेण पंचभूतत्त्वमागताः ।
सिंहासन महाम्नाय पंचभूतानिसंगमः ॥
इति परातन्त्र वचनम् ।

माथि बताएको त्यतिका कुराको संकेत यतिमात्रै छ। अब यी सबै कुरा गुरुपदेश नभईकन हजारौं ग्रन्थ हेरे पनि पत्ता लाग्दैन। त्यसैले परम्परा ठीक भएका सद्गुरु चाहिन्छ भनेको हो। इतरेतराभ्यास भूतार्णमा कसरी हुन्छ भन्ने विषयमा वर्णन हुन्छ। अक्षरको नाद या शब्दद्वारा जो आकार बन्दछ त्यसले कणको समूहको रूप त बदल्नेनै भयो अनि त्यसमा फेरि नादबिन्दु ॐ-को ठक्कर लाग्दा चित्त र बुद्धिमा त्यसको अकम्पनले सूक्ष्मनाद पैदा हुन्छ त्यो प्रतिनादरूप भएर गर्जेर त्यसको धक्काले अहंकारलाई जगाइदिन्छ र त्यसलाई मनले यथायोग्य दिशातिर पुऱ्याएर बीजरूप बन्दछ। यो बयान लेख्दा यति लामो छ, तर काम हुँदा मनको गति यति छिटो छ कि मनन हुनासाथ सबै काम भइहाल्छ।

१. विशेषेण जायते तेन। उपसर्गं च संज्ञायो इतिडः। यद्वा वीयते "व्यज् संवरणे" संपदादि क्वीप्

CC-0. In Public Domain. Digitization by eGangotri

वीर्यं संघृतं त्रायते जनयति । अन्येष्वपिडः विशेषेणए: कामात्, इना वा जायते । विशिष्टा ई लक्ष्मीर्जायते स्मादिति वा । वजति कार्यं गच्छति । वज गतौ । अच् । पृषोदरादित्वात् ईत्वम् । वबयोरभेदात् बीजं । बीजंतुरेतसि । स्यादाधाने च तत्वेच हेतावंकुरकारणे ।

२. अभ्यस्यते । "म्ना" अभ्यासे कर्मणि घञ । इति आम्नाय ।

३. गायन्तं त्रायते । "त्रैङ्" पालने । "आतो नुप"-इतिकः । "गायत्री खदिरेस्त्रीस्यात्" इति रभसः ।

तर शुद्ध संकल्पको कुरा तुरुन्तै वन्छ, अशुद्ध संकल्पको भने कल्पनारूपमा परिणत भएर बिलाएर जान्छ । यो संकल्पको बयान जप-विधानको कुरा हुनाले यहाँ लेखिदैन । यो बीजको उत्पत्तिको कुरा मेरा ह्या ले भेटेसम्म लेखद्वारा स्पष्टिकरण गरेर पाठकवर्गलाई सम्झाउने चेष्टा गरेको छु । तर यो यथार्थ मन्त्र-संकेतको ज्ञान र मन्त्र-जपको अभ्यास नभई राम्ररी बुझ्न नसकिने हुनाले यथार्थ बुझाउन नसकेमा क्षमा प्रार्थी छु ।

CC-0. In Public Domain. Digitization by eGangotri

अब उवा पूर्वोक्त "अस्" धातुतिर विचार गरौं। यो धातुको सत्ताले "तत्त्व"-लाई दुई भाग "तत्," र "त्वं" गराई "तत्"-लाई परमात्मामा घुसाई प्रथमपुरुष, "त्वं"-लाई जीवात्मामा घुसाई मध्यमपुरुष अनि, स्वयं आत्मा "अहं"-मा घुसी उत्तमपुरुष भन्ने तीन भेद बनायो। यस विषयमा यस्तो संकेत छ—

तत्त्वं हृत्वापुरोक्तेन धातुना द्विविधं पुनः।
परमात्मनि तद्योज्य प्रथमोपाधिनामतः ॥
जीवात्मनि च त्वम्योज्य मध्यमोपाधिनामतः।
स्वयमात्मनि निर्लिप्य चोत्तमोपाधिनामतः।
"पुरुषत्रयरूपेण जातंभेदत्रयंशिवे ॥"

इति आगम वचनम्।

यसको भावार्थ "अस्" अर्थात् "छ" भन्ने भाव-तत्त्वमा परेपछि परमात्मालाई "तत्" अर्थात् "त्यो" पराई, जीवात्मालाई "त्वं" अर्थात् आफ्नो नजीकको जीव "तिमी", अनि आत्मालाई "अहं" अर्थात् "म" आफू भन्ने तीन भेदभाव आयो र तिनको प्रथमपुरुष, मध्यमपुरुष र उत्तमपुरुष भन्ने संज्ञा भयो।

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस उक्तिको मुख्य सार "तत्" त्यो "त्वं" तँ र "अहं" म भन्ने भेदभाव आयो।

त्यसपछि गायत्रीको पश्चिमाम्नायात्मकवर्णमा सोही भेदभाव साथ लिएर प्रकाशरूप परशिवको आभास पर्दा "प्रज्ञानं ब्रह्म" भन्ने ऋग्वेदको, उत्तराम्नायात्कमा पर्दा " अहं ब्रह्मस्मि " भन्ने यजुर्वेदको, पूर्वाम्नायात्मका पर्दा "तत्त्वमसि" भन्ने सामवेदको, दक्षिणाम्नायात्मकमा पर्दा " अयमात्मा ब्रह्म " भन्ने अथर्वेदको चार महावाक्य निस्के। यिनैबाट वेद ×बने। अतः सगुण मूर्तिमा ब्रह्माजीको चार मुखको कल्पना हुन्छ। फेरि उर्ध्वाम्नायात्मक वर्णमा भेदभाव साथमा लिएर प्रकाशरूप परशिवको आभास पर्दा गायत्रीको तुरीय अर्थात् चौथा पाद बन्यो। अनि तुरीयपादले युक्त तुरीयगायत्री बनिन्। पूर्वोक्त बीजहरूको उत्पत्ति र यी महावाक्यहरूको उत्पत्तिमा कुनचाहिं अघि बन्यो भन्ने कुरालाई बीजांकुरन्याय हुनाले यसै हो भन्न सकिंदैन। पूर्वोक्त विधानले बीजाक्षरहरू बने भन्ने बयानबाट बुझियो

× वेत्ति ज्ञाने घञ्।

CC-0. In Public Domain. Digitization by eGangotri

कि "क"-वर्णरूप अक्षरमा नादविन्दु (ँ) मिलाएर मनन गर्दा " कँ " बीजाक्षर बन्दछ। यसको उच्चारण न "कम्", न "कङ्",न नाकेस्वरले उच्चारण गर्ने "क" हो। यो मनैबाट मात्र उच्चारण हुने हुनाले "मननामन्त्र उच्यते" भनेर यसलाई मन्त्र भनेको हो। त्यस्तै आम्नाय भेदले गर्दा धेरै व्यंजनवर्णमा र स्वरवर्णमा समेत नादविन्दु साथमा लिएको यौटामात्रै स्वरवर्णको संयोग भएमा कूटवीजाक्षर वा कूटाक्षर बन्दछ। जस्तै "क" वर्ग वा अक्षर, "कँ" बीजाक्षर, (क् + च् + त् + य् + ऊ) +

वा (र् + म् + ए् + इ + ल - इँ)

कूटबीजाक्षर हुन्छन्। यस्तै प्रकारले बनेका † बीजाक्षर-हरूका र कूटाक्षरहरूका तत्त्वहरू मुद्रादिकर्मका समर्थक बने। के-के कस-कसका समर्थक भए भन्ने विषयमा यस्तो छ—

"पूर्वाम्नायः सृष्टिरूपः स्थितिरूपश्च दक्षिणः।
संहारः पश्चिमोदेवि उत्तरानुग्रहो भवेत् ॥"

इति कुलार्णवतन्त्र

---

† बीज र अंकुरमा कुन पैले भयो भन्ने बहसलाई बीजाअंकुरन्याय भन्दछन्।

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् पूर्वाम्नायका वीजहरू र कूटहरूका तत्त्वहरू सृष्टिको त्यस्तै दक्षिणाम्नाका स्थितिको, पश्चिम्नायका संहारको र उत्तराम्नायका अनुग्रहको समर्थक वने। त्यसपछि हरेक महाभूतको आत्मारूप दशमात्रै भए पनि आम्नायत्मक वीज र कूट हुँदा ४ आम्नायको जम्मा ११७ संकेत अर्थात् मन्त्रतत्त्वको लक्ष हुन गए। अधराम्नाय पार्थिव आत्मा हुनाले भूमण्डलतिर झरेर संवरौधिमतको क्रमको * मन्त्राक्षर लय भएर रहे। अव कुन-कुन आम्नायको संकेत कति-कति हो भन्ने कुरालाई पूर्वाम्नायको २४, दक्षिणाम्नायको २५, पश्चिमाम्नायको ३२, र उत्तराम्नायको ३६ संकेतहरू वने। अनि उर्ध्वाम्नायको सवै महाभूतको साजा आत्मा विसर्ग हुनाले सो प्रासादी विद्यामा मिलेकोले संकेत वनेनन्। यसबारेमा शास्त्र-वचन यस्तो छ—

'पूर्वाम्नायस्य संकेताश्चतुर्विंशति रीरिताः ।
पश्चिाम्नायसंकेताः द्वात्रिंशत् समुदारिताः ॥

---

* चीनक्रम र महाचीनक्रमका मन्त्रहरू।

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिणाम्नायसंकेताः पंचविंशति रीरिताः ।
विदुः षटत्रिंसदाम्नायेसंकेताः श्रीमदुत्तरे ॥
उर्ध्वाम्नायस्यचैतानि नसन्तिकुलनायिके ।
साक्षाच्छिवस्वरूपत्वान्न किञ्चित् कर्म्म नविद्यते ॥

इति कुलार्णवतन्त्रे वचनम् ।

यस्तै प्रकारले अनेक वर्ण सन्धिहरू, बीजहरू र कूटबीजहरू बने । यीमध्ये सबैभन्दा पहिले उर्ध्वाम्नायको ३ बीजको मन्त्र यो सबैभन्दा पहिले बनेको हुनाले यसलाई बालामूलमन्त्र भन्दछन् । काम वा प्रकाश "अ"-मा काम-कलाशक्ति "ई"-को संयोग हुँदा "ऐ"-बन्यो । अनि त्यसमा नादबिन्दु मिलेर बीज बन्यो र त्यसको नाम वाग्भवीज वा वाग्बीज भई ज्ञानरूप बन्दा मोक्षरूपिणी अर्थात् मोक्ष दिने वागीश्वरी शक्ति बनिन् । अनि "कला"-को स्वरवर्णको साटो उही "ई"-को संयोग हुँदा "क्लीँ"- भयो । त्यसमा नादबिन्दु मिलेर बीज बन्यो र त्यसको नाम कामराजबीज वा कामबीज भई क्रियारूप बन्दा कामरूपिणी अर्थात् कामना पुऱ्याइदिने कामरूप कामकला-शक्ति (पूर्वोक्त कामकला हौइन)

CC-0. In Public Domain. Digitization by eGangotri

बनिन् । फेरि उही ब्रह्मसूचक "सः"-को "अ"-को साटो हृदयरूप भई हृदयसूचक "औ"- चुकुलभै भई प्रवेश हुँदा सर्गान्त बीज बन्यो र त्यसको नाम शक्तिबीज भई इच्छा-रूप बन्दा शिवरूपिणी अर्थात् कल्याण गर्ने पराशक्ति बनिन् । यी ३ बीजहरू एकत्र हुँदा त्रिबीजात्मक बनी ३ शक्ति बनिन् । यसबारेमा संकेत यस्तो छ—

तत्वत्रयविनिर्दिष्टा वर्णशक्तित्रयात्मिका ।
वागीश्वरीज्ञानशक्ति वाग्भवे मोक्षरूपिणी ॥
कामराजे कामकला कामरूपा क्रियात्मिका ।
शक्तिबीजे पराशक्तिरिच्छैव शक्तिरूपिणी॥
एवं देवी त्र्यक्षरात्मा महात्रिपुर सुन्दरी ।
पारंपर्येण विज्ञाता भवबन्धविमोचिनी ।

इति वामकेश्वरतन्त्र वचनम् ।

यति भएपछि आकाशको शब्द, वायुको स्पर्श, तेजको रूप, जलको रस अनि पृथिवीको गन्ध यी ५ तन्मात्रा भए भन्ने माथि बयान भयो । यीमध्ये आकाशको गुण शब्द १, वायुको शब्द स्पर्श २, तेजको शब्द स्पर्श रूप ३, जलको शब्द + स्पर्श + रूप + रस

CC-0. In Public Domain. Digitization by eGangotri

४, अनि पृथिवीको शब्द + स्पर्श + रूप + रस+ गन्ध ५ जम्मा गर्दा १५ संख्या हुन गए। यिनै १५-मध्ये माथि बताएको वाग्बीजको अगाड़िको ५-मा प्रभाव पर्न जाँदा ५ अक्षर मिलेको वाग्भवकूट बन्यो, अनि त्यस्तै गरी त्यसपछिको ६-मा कामबीजको प्रभाव पर्दा ६ अक्षरको कामराजकूट बन्यो, फेरि उस्तै गरी बाँकी ४-मा शक्तिबीजको प्रभाव पर्दा ४ अक्षरको शक्तिकूट बन्यो। यिनै ३ कूटहरू मिलेर श्रीविद्यापञ्चदशी महामन्त्र बनेर गायत्रीको चारै पादलाई आफूमा अन्तर्लीन गराइन्। यो अन्तर्लीनको विषयमा श्रुतिले "त्रिपुरातापिन्युपनिषद्"-मा विशद्रूपले व्याख्या गरेको छ। लेख-विस्तारको भयले यहाँ लेखिएन। पञ्चदशीको बारेमा संकेत यस्तो छ—

एकएव प्रकाशाख्यःपरःकोऽपि महेश्वरः।
यस्य शक्तिर्विमर्शाख्या सानित्या गीयते बुधैः॥
विमर्शाख्या च सादेवी पंचविध्यं समागता।
आकाशानिलसप्तार्चिः सलिलावनिभेदतः॥
एकैकगुणवृद्धातु तिथिसंख्यात्वमागताः।
विमर्शरूपिणी विद्या षोडशीया प्रकीर्तिता॥

CC-0. In Public Domain. Digitization by eGangotri

गता सा षोडशैर्भेदै स्त्रिपुरापरमेश्वरी ।
सुन्दर्यादिमहापूर्वं विचित्रान्तं समन्ततः ॥
स्वागमादेव बोधव्यमिति संकेत मात्रतः ।
प्रतिपत्प्रभृतौ देव्याः पौर्णमाश्यान्तिकं प्रिये ॥

इति वडवानलतन्त्र वचनम् ।

फेरि यस विषयमा अर्को संकेत यस्तो छ—

यस्य यस्य पदार्थस्य याया शक्ति रूदीरिता ।
सातु सर्वेश्वरी देवी स सर्वो पिमहेश्वरः ॥
व्यामा पंचदशार्णैः सा विद्याभूत गुणात्मिका
पंचभिश्च तथा षड्भिश्चतुर्भिरपिचाक्षरैः ॥
स्वरव्यंजन भेदेन सप्तत्रिंत्प्रभेदिनी ।
तत्वातीतस्वभावाच विद्यै सा भाव्यते सदा ॥

इति चतःशत्याम् ।

यी तीन कूटका १५ अक्षरमध्ये शिवको भाग अर्थात् प्रकाशको सत्ताले बनेको ५ अक्षर अनि शक्तिको भाग अर्थात् विमर्शको सत्ताले बनेको ७ अक्षर, फेरि प्रकाश र विमर्श दुवैको सत्ताले बनेको ३ मायाबीज शिव र शक्ति दुवैको भाग बने । त्यस विषयमा संकेत यस्तो छ—

CC-0. In Public Domain. Digitization by eGangotri

कत्रयं हृद्वयं चैव शैवभागाः प्रकीर्तिताः ॥
शक्त्याक्षणाणि शेषाणि ह्रींकारा उभयात्मकाः ॥

इति महायोनीतन्त्र

त्यस उसले मन्त्रार्थ, मन्त्रचैतन्य र मन्त्रशिखा-सहित यो श्रीविद्यापंचदशी विद्या नवमुद्रासहित अंग-प्रत्यंग पूर्ण गरी क्रम-दिक्षाको क्रमले कादिमत, हादि-मत र सादिमतको तीन-तीन दीक्षाको नौ दिक्षा क्रमैसित ग्रहण गरी फेरि पुरश्चरण गर्दै नौवटै क्रमपूर्ण गरेर ग्रहण भयो भने अर्को जन्म हुँदैन। यो मन्त्र सिद्ध भएमा आफै शिवरूप बन्छ। यसमा संकेत यस्तो छ—

'यस्य नो पश्चिमं जन्म यदि वा शंकरः स्वयम् ।
तेनैव लभ्यते विद्या श्रीमत्पंचदशाक्षरी ॥'

इति आगम वचनम् ।

फेरि अर्को संकेत यस्तो छ—

"सुन्दरी तारिणी काली क्रमदीक्षाभिगामिनी ।
क्रमपूर्णो महेशानि क्रमाच्छम्भुर्भविष्यति ॥"

इति तन्त्र चिन्तामणि वचनम् ।

CC-0. In Public Domain. Digitization by eGangotri

अब सोमतिर विचार गरौं। जब सोमको आगो निभ्यो त्यसको धुवाँको प्रभावले कोही पनि जीव अड्नै नसक्ने एक किसिमको दूषित तत्त्व वा विषालु धुवाँरूप वाष्प या वाफ निस्कयो। त्यसको नाम कालकूट भयो। अनि उही पूर्वोक्त तीन कूट बीजमध्येका शैव भागका अक्षरहरूका तत्त्वहरू मिलेर सो कालकूटलाई ग्रास गरेर अन्तर्गर्भित गऱ्यो अर्थात् पेटभित्र राख्यो। यसो भन्नुको मतलब खोल या धोक्रोजस्तो भएर यो कालकूटलाई मोरिदियो। अनि शक्ति भागका अक्षर-हरूका तत्त्वहरू मिली यसलाई टुक्रा-टुक्रा पारेर १८,००० (अठार हजार) टुक्रा बनायो। फेरि उभयात्मक मूल प्रकृतिरूप मायाबीजको तत्त्वले यसको अनेक किसिमको आकारहरू बन्न गए। यसको नाम "केतु" अथवा धुवाँ भएको हुनाले "धुम्रकेतु" भयो। यस विषयमा संकेत यस्तो छ—

अष्टादश महस्त्रन्तु केतुसंख्या प्रकीर्तिता।
तन्मध्ये तु शतं चाष्टदश संख्या प्रकीर्तिता॥

CC-0. In Public Domain. Digitization by eGangotri

एतन्मध्ये महेशानि पंचाशत् केतवः शिवे ॥
सम्मार्ज्जनसमाकारा वृक्षाकारास्तथैवच ।
शिखाकारसमापन्ना स्तथा हस्तकसन्निभाः ॥
तृणाकारा स्तथा कम्बुसदृशाः कुटिलाः शिवेः ।
वृक्षमात्रसमाकारा घटाकारा स्तथा प्रिये ॥
एकविंशद्दिनं व्याप्य तदद्वयं वा महेश्वरि ।
मासमात्रं तथादेवि तद्द्वयं परमेश्वरि ॥
चतुर्दिक्षु भ्रमन्त्येव दिवा वाचोदयो भवेत् ।
चतुः प्रहरयोगेन रात्रौ तूदयमेवच ॥
एकवारद्विवारं वा त्रिश्चतुः पंचवारकम् ।
क्रमकेतुर्महेशानि समुदेति निरन्तरम् ॥
एकरूपं च वादेवि भिन्नरूपं च वा प्रिये ।
आब्रह्मकल्पपर्यन्तं सर्वरूपेण वर्तते ॥
देशभंगो भवेदादौ राष्ट्रभंगो द्वितीयके ।
छत्रभंगतृतीयेस्यात् चतुर्थं सर्वपीडनम् ॥
पंचमे देवदेवेशि सर्वत्र भूतसंगमः ।
त्रित्रिमासक्रमणैव पंचषड्वर्षयोगतः ॥
धुम्रकेतुर्यदा भूयात् तदा छत्रं विनश्यति ।

CC-0. In Public Domain. Digitization by eGangotri

एवं विचार्य यत्नेन शान्तिकं च समाचरेत् ॥
इति संक्षेपतः प्रोक्तो धुम्रकेतुर्विनिणयः ॥"

इति संगमतन्त्र वचनम् ।

अर्थात् केतु जम्मा १८००० अठार हजार छन् । तीमध्ये ११८ र फेरि यिनीहरूमध्ये ५०-वटा केतुहरू छन् । तिनीहरू कस्ता छन् भने कोही कुचोजस्तो, कोही शिखाजस्तो, कोही रूखजस्तो, कोही हातजस्तो, कोही त्रीशूजस्तो, कोही शंखजस्तो, कोही टेढो वान्कीको, कोही एकलो रूखजस्तो, कोही घैंटोजस्तो आकारका हुन्छन् । यिनीहरूमध्ये कोही २१ दिन, कोही ४२ दिन, कोही १ महिना र कोही २ महिनाको अवधि लिएर आठै प्रहरमा चारै दिशामा घुम्दछन् । यिनलाई एक चोटि, २ चोटि, ३ चोटि, ४ चोटि र ५ चोटिसम्म क्रमले उदाउने हुनाले "धुम्रकेतु" पनि भन्छन् । एउटैबाट भिन्न-भिन्न रूप भएर माथि बयान गरेजस्तो शैवाक्षरबाट यौटै बनेको थियो शक्त्यक्षरबाट भिन्ना-भिन्नै भयो । आब्रह्मकल्प-पर्यन्त यो माथि भएजस्तो अनेक रहन्छ । उदाएका ३।३ महिनाका दरले ५ वा ६ वर्षसम्ममा अनिष्टफल

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । पहिले देशभंग, अनि ३ महिनासम्म राष्ट्रभंग, त्यसपछि छत्रभंग अनि सबैलाई पीड़ा गराउँछ; अनि सबैभन्दा पछि भूतसंगम अर्थात् लाउभाउ, रोग-व्याधी र महामारी हुन्छ । यस्तै क्रमले ५ वा ६ वर्षसम्म नतीजा देखिन्छ । जुन कालमा धुम्रकेतु उदाउँछ त्यस कालमा छत्रभंगादि दोष हुन्छन् । तसर्थ विचार गरी शान्तिकर्म गर्नु पर्दछ । यो संक्षेपले धुम्रकेतुको निर्णय बताइयो ।

यी धुम्रकेतुहरू देखिएमा विघ्न पर्छ भनेको मतलब यो विषादि तत्त्व भरिएको वस्तु हुनाले यो देखिइँदा त्यसको विषादि तत्त्वको असर पर्न जाने हुन्छ अनि शान्ति कर्म गर्नु भनेको विषादितत्त्वहरू हटाउने कर्म गर्नु भनेको हो ।

शान्ति कर्म कस्तो किसिमले हुन्छ, कसरी विषादि तत्त्वहरू हट्छन् भन्ने विषयलाई यो कुरा अध्वको वर्णन भएपछि मात्र बुझिने हुनाले यहाँ नलेखेमा क्षमा प्रार्थी छु । यी वाक्यहरू बीज मन्त्रादिहरू र धुम्रकेतुहरू प्रादुर्भाव भएको अध्वलाई मन्त्राध्व भन्दछन् ।

—०*०—

CC-0. In Public Domain. Digitization by eGangotri

अथ सप्तमः पटलः

जंगल पसेर तपस्या गर्दै एउटा कुटी बनाएर कन्दमूलको सहाराले बाँचेर केवल विचारको भरले हाम्रा ऋषिमुनिहरूले विज्ञानका कुराहरू कतिसम्म पत्ता लगाएका रहेछन् भन्ने कुरामा मजस्तो अल्पज्ञले अहिलेसम्म शतांशमा एक अंशसम्म पनि पत्ता पाउन सकेको छैन। आफूले देखेका संकेतहरू कैयन् त बुझ्नै नसकी लाचारी भई छाड्नपर्‍यो। त्यस उसले यस विषयमा यहाँ म जो लेखिरहेछु त्यो त कुरा कोट्याएजस्तो मात्रै हो भन्ने पाठकवर्गमा परोस् भन्ने मेरो प्रार्थना छ।

अब यस पटलमा भुवनाध्वाको वर्णन गर्नु छ। यसमा "भुवन" × भनेकोलाई के रहेछ त्यो विचार गरौं। जो हुन्छ अर्थात् बन्छ र जसबाट अरू निस्कन्छ त्यसलाई भुवन भन्दछन्। यसबाट यो अध्वामा सोम-सूर्यादि सबै पिण्डहरूको राम्रो बयान हुनुपर्ने हो तर

× भूयते "भूप्राप्तौ" क्युन। अथवा भवन्ति उत्पद्यन्ते येन। करणे ल्युट् संज्ञापूर्वकत्वात् गुणभाव:।

CC-0. In Public Domain. Digitization by eGangotri

म एक-दुइको मात्रै यथाज्ञान वर्णन गर्छु। त्यहाँ पनि राम्ररी हुन सक्नेछैन, अतः क्षमाप्रार्थी छु।

सोम सेलाएपछि सो सोमरस वा अमृतमय भयो भन्ने माथि वर्णन भयो। सो अमृतमा "हंसः"-को तत्त्व अर्थात् प्राणीहरू बाँच्न सक्ने तत्त्व उही प्रणवादी नादविन्दुयुत "जूँ" तत्त्व र "सः" तत्त्वद्वारा हेलमेल भई दूधमा पानी मिलेझैं गरी एक जीउ भएर मिल्यो। अनि फेरि सोमबाट अनगिन्ती सूर्यहरू बने भन्ने पनि माथि बयान भयो। त्यस्तै गरी प्रत्येक सूर्यहरूबाट पनि उछिट्टिएर अनेकौं पिण्डहरू बन्न गए। ती सबै पूर्ववत् भएर सेलाएपछि सोम-देखि लिएर साना-साना पिण्डहरूमा समेत कामबीजको तत्त्व क्रियाशील भएर व्याप्त भयो। अनि मायारूप "ह्रीं" तत्त्वको बीज र त्रिपुरसुन्दरीरूप "श्री" तत्त्वको बीउरूप सोमको सोमरसमा परी अंकुराएर वा टुसाएर ह्रीं श्री रूप भएर शोभा बढ़ाइदियो। यस विषयमा संकेत यस्तो छ —

"ह्रींश्री स्वरूपिणीमाया व्याप्ता सर्व मिदंजगत् ॥"

इति गौरी कंचुकीय तन्त्र वचनम्।

CC-0. In Public Domain. Digitization by eGangotri

अब ह्रीको बारेमा संकेत यस्तो छ—

"पराभूतिस्तथालज्जा मायापि सकला कृशा ।
ह्लले खेति समाख्याता सावै भुवन सुन्दरी ॥"
इति आगम वचनम् ।

सरति । "सृगतौ" । सुवति "षुप्रेरणे" । इति सूर्यः । अर्थात् सर्दछ । सोमको आकर्षण शक्तिद्वारा खिचिंदै भुरुंगझैं घुम्दै सोमतिर सर्दै जान्छ । या जो फुटेर घेरै रूप भएर सर्दै जान्छ । जे अर्थ गरे पनि भयो । फेरि "सुवति" माने प्रेरणा गर्छ अर्थात् अरू पिण्डलाई आफूतिर आउन प्रेरणा गर्छ भन्ने अर्थ पनि झल्कन्छ ।

फेरि श्री×को बारेमा पनि संकेत छ—

"प्रकाशश्च विमर्शश्च स्पन्दः सत्ता चितिः क्रिया ।
स्फुरत्तेति समाख्याता सावै त्रिपुरसुन्दरी ॥"
इति आगम वचनम् ।

+ "श्री"-का १०८ अर्थ हुन्छन् । तीमध्ये मैले जानेका मुख्य अर्थ यी हुन्—

श्रयति हरिमिति श्री : ॥१॥ श्रयति ब्रह्म इतिश्री : ॥२॥ श्रीयते सर्व रीतिश्री : ॥३॥ श्रयति प्रकाश मितिश्री : ॥४॥ श्रीयते सर्व : ययासा ॥५॥

CC-0. In Public Domain. Digitization by eGangotri

यही "ह्श्री"-लाई हाम्रो नेपाली भाषामा "हिस्सी" वा "हीसी" भन्दछन् । यत्तिले नै पाठकवर्गमा बोध हुनेछ ।

सूर्यहरू अनन्त वने । तीमध्ये आफ्नै सूर्यको त यथार्थ ज्ञान छैन अरूको त कुरै भएन । यति त भन्न सकिन्छ कि प्रत्येक सूर्यको अधिनमा एकेक सौरजगत् छ । त्यसलाई ब्रह्माण्ड भन्दछन् । अतः यस्तो संकेत छ —

"अनन्त कोटि ब्रह्माण्ड नायिके परमेस्वरि ॥"
इति आगम वचनम् ।

सूर्यहरूमा र त्यसवाट उछिट्टिएका प्रत्येक पिण्डहरूमा समेत आफआफ्नो अवकाशअनुसार पूर्ववत् आकर्षण-शक्ति र मण्डूकहरू रहन्छन् । हाम्रो सूर्यबाट पनि उछिट्टिएर धेरै-धेरै साना-साना पिण्डहरू बन्न गए भन्ने माथि बयान भयो । ती कतिवटा वने भन्ने विषयमा पहिले दशतिर छरिएका १० टुक्रा पिण्डहरू "दशदिक्पालका" नामले र अरू यत्रतत्र छरिएका "ग्रहका" संज्ञाले प्रसिद्ध भए । ग्रहहरूमा ठूला-साना पिण्डहरू धेरै बने तर ठूलामा भने कुनै-कुनैको संज्ञा पाइन्छ साना-

CC-0. In Public Domain. Digitization by eGangotri

सानाको पाइँदैन । तन्त्रशास्त्रका अनन्त ग्रन्थहरू छन् । कतै केही-केही पाइयो भने पनि पछि-पछिको लेखहरूमा लेख्दै गर्नेछु । अतः साना-साना पिण्डहरू चाँड़ै-चाँड़ै नाशिने हुनाले तिनलाई "मार्त्य" र ठूला-ठूला पिण्डहरू धेरै कालसम्म ननाशिएर रहने हुनाले र परस्परमा असर-समेत पर्ने हुनाले "अमृत" वा "अमर"-को संज्ञा भई देवता भनेर रूपकालंकारद्वारा मूर्तिसमेत कल्पना भई पूज्य बने । फेरि तिनीहरूबाट अनिष्ट तत्त्वहरूको नाश र ईष्टतत्त्व-हरूको पुष्टि गराउने तत्त्व बनाउने मन्त्रहरूसमेत बन्न गए । जस्तो हाम्रो पृथिवीमा हामी स्थावरजंगम जीवाजन्तु सबै भरपूर भएर आफआफ्नो वृत्ति चलाइरहेछौं, तथापि पृथिवीलाई स्त्रीरूप ध्यान गरी देवता मानेर अर्चनादि हुन्छ त्यस्तै अरू ग्रहमा पनि वस्ती छ तापनि देवतारूप मानेर अर्चनादि हुन्छ । तर अन्त कस्तो-कस्तो किसिमको वस्ती र व्यवहार छ त्यो कुरा मलाई पत्ता लागेको छैन ।

अब प्रत्येक सोमदेखि लिएर साना-साना पिण्डहरूसमेत कसरी नाशिन्छ भने श्रीबीज र माया-

CC-0. In Public Domain. Digitization by eGangotri

बीजको तत्त्व अर्थात् "ह्रीस्सी"-ले नै यो विश्वमा कान्ति वा चहक गराएको छ। त्यो सधैं पंखा घुमेजस्तो दक्षावर्तले अर्थात् दाहिने फन्को गरी घुमिरहन्छ; फेरि माथि बयान गरेको कामबीजको तत्त्व वामावर्त बायाँ फन्को गरी घुमिरहन्छ। अनि जहाँ जुन बेला श्रीबीजको "श" तत्त्व कामबीजको "क" तत्त्वको संयोग हुन जान्छ त्यहाँ त्यस बेला सो "श" तत्त्व "ष" तत्त्वमा परिणत भएर "क" तत्त्वमा मिली "क्ष" तत्त्वरूप सम्वर्तक तत्त्व बन्न जान्छ। अनि पिण्डभित्र घुसेको कालाग्निरुद्र प्रकोप हुन्छ। अर्थात् भित्र उम्लिरहेका पदार्थहरू कालाग्निरुद्रको उष्णता बढ़ेको प्रभावले ज्वालामुखी भएर बाहिर निस्केर पिण्डलाई छोप्छ। पिण्डहरुको सानो ठाउँमा यस्तो बराबर भइरहन्छ। जहाँ यस्तो हुन्छ त्यो ठाउँ बिग्रन्छ; त्यसको आसपासमा त्यसको धक्काले भूकम्पसम्म हुन्छ। पिण्डको बीच मर्मस्थानमा त्यस्तो हुन गएमा पिण्ड नै फुटेर टुक्रा-टुक्रा भएर त्यहाँ प्रलय हुन्छ र ती टुक्राहरू छरिएर बल्दै-बल्दै खाक हुँदै गएर आफ्नो नजीकको पिण्डमा खसेर खरानी हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

हामी जो तारा खसेको फेरि जो तारा जुधेको देख्छौं सबैको कारण यही हो । फेरि यस्तै किसिमले अलि ठूलो भाग पिण्ड उछिट्टिएर त्यो ठूलो पिण्डको कलारूपमा पनि रहन सक्छ जस्तो कि हाम्रो पृथिवीको चन्द्रमा पिण्ड कलारूपमा छ । यस्तो हुँदा त्यहाँ खण्ड प्रलय हुन्छ । यस्ता कलाहरू कुनै-कुनै पिण्डमा ६-सम्म पनि हुन्छन् कुनैमा एउटा पनि हुँदैन । "महानील-तन्त्रको उत्तरार्द्धमा यस विषयमा विशद्‌रूपको वर्णन छ : यो गतिले पृथिवी घुम्छिन्, यो गतिले हीश्री घुम्छ र यो गतिले कामबीज घुम्दछ भन्ने सबै बयान छ त्यसबाट हिसाब गरेर यस बेला यस ठाउँमा यो धक्काको ज्वाला-मुखी फुट्छ भन्ने थाहा हुन सक्छ । म हिसाब गर्न सिकाइदिन्छु त्यो ग्रन्थ खोज ।" भनी मेरा गुरुदेव श्री पूर्णानन्द ब्रह्मचारीज्यूले भन्नुहुन्थ्यो । मैले मरीमेटी गरेर खोज्दा त्यो पाउन सकिन र उहाँलाई यहाँ झिका-उन पनि सकिन । आफू फेरि दर्शन गर्न जान पनि सकिन । वि०सं० १९८८ साल माघमा उहाँको समाधि भयो । अनि ९० सालमा पोखरा जानपर्‍यो र त्यो खोज्ने

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयास हरायो। अनन्त सोमहरूसमेत प्रतिनिमेष कैयौं बन्दैछन् कैयौं भत्कँदैछन् भन्ने माथि बयान भयो। तिनका बच्चा पिण्डहरूको त कुरै भएन। त्यस उसले अन्तरिक्षहरूमा पानी परेजस्तो गरी ताराहरू वृष्टि भई रहन्छन्। यसलाई उल्का वा उल्कापात भन्दछन्।

अब फेरि सोमको अमृत वा सोमरसका विचार गरौं। सो सोमरस वा अमृत लयालु छ भन्ने माथि बयान भयो त्यो सूर्यमा रहेको आकर्षण-शक्तिमा कामबीजको प्रभाव पर्दा त्यो लयालु अमृतलाई कर्षण गर्दा अर्थात् खिच्दा त्यसको थोपा जहाँ-जहाँ पर्छ त्यहाँ पानीको थोपा परेको ठाउँमा एक छिन दाग बसेर बिलाएजस्तो गरी सूर्यमा कहिले कतै कहिले कतै दाग पर्छ। त्यस उसले कहिले कतै कहिले कतैबाट खिचिइने दाग हुनाले त्यसको संज्ञा × "आकृष्ण" भन्ने भयो। सो चुहुँदा जति तलबाट चुसिइन्छ उति "जूँस" तत्त्वमा प्रभाव परी सोमको अमृत बढ्दछ। अतः यो कहिले पनि घट्दैन। अनि सो थोपा सूर्यमा परेको आवाज नाद-

× आ = आवर्तमानः कर्षति वा कर्ष्यते। इति आकृष्णः।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशको किरणमा मिली "ह्रीसी" तत्त्व किरणद्वारा सबै आफ्ना अधिनका सबै पिण्डहरूमा र सोमरसचाहिं प्रणवको प्रभावले सो अमृतलाई यथायोग्य भागमा विभाजन गरी ती पिण्डहरूका कलाहरू झर्छन् । कलाहरूमा चन्द्रमा र कला नभएको पिण्डहरूमा सोझै झर्छ । अनि कलाद्वारा पिण्डमा पर्ने कुरा पछि वर्णन हुनेछ ।

अब सूर्यमा सात वर्ण कसरी भयो उछिट्टिएर कुन-कुन वर्णबाट चोइटिएर गए भन्ने कुरालाई "स" * तत्त्वमा विमर्शको तत्त्व "ह"-मा प्रकाशको तत्त्व "अ"-मिली "हा" तत्त्व भई त्यसमा फेरि विशेष तेजस्तत्त्वात्मा "र" तत्त्व मिलेर बनेको "ह्राँ" तत्त्व नादविन्दुले बनाई मायाबीजको तत्त्वले आफू बीचमा बसेर मिलाउँदा "ह्राँमायासः"-को मन्त्रतत्त्व सूर्यमा उत्पन्न भई प्रकाशको सात रंग वा रजको + प्रतिबिम्ब पर्न गई उस्तै रजोमय

'*' सः" ब्रह्मको लक्ष हुनाले र " सर्वखल्विदं ब्रह्म " भन्ने श्रुतिवचन हुनाले "स" तत्त्व सबैमा हुन्छ ।

+ रंजयति " भूरंभ्यांकित् " इत्यसुन् । वा रंजनं । रज्यतेऽनेन वा "रंजरागे" असुन् । इति रजस । अर्थात् रंगिने वा रँगाउने ।

CC-0. In Public Domain. Digitization by eGangotri

भई जाज्वल्यमान भयो। अनि त्यसबाट उछिट्टिएर दुइ-दुइ रंगबाट बनेको स्पन्दि अर्थात् जोर्नीबाट चोइटिएर जोड्सित घुमेको हुनाले "वषट्" तत्त्वलाई साथमा लिएर हरेक प्रथम र तृतीय रज वा रंग बराबरी गराएर फेरी "वौषट्" तत्त्वलाई साथमा लिएर प्रणव तत्त्वले पिण्डहरू बनाइदियो मन्त्राङ्गका तत्त्वहरू "नमः", "स्वाहा", "फट्", "वषट्", "वौषट्" र "विच्चे" यी छवटा तत्त्वहरू हुन्छन्। यी कस्ता हुन् भने यिनको प्रभावले मन्त्रको रूप बनाई मन्त्रतत्त्वलाई पुष्ट्यायीं गर्छ। यी तत्त्वहरू कुन चालले बने मन्त्रलाई यिनले कस्तो के प्रभाव पार्छन् भन्ने कुरा मन्त्र-संकेतको हुनाले यो अध्वाको बयानमा लेखिंदैन। पूर्वोक्त कारणले सूर्यमा जस्तो सप्तरज अर्थात् सात रंग अरू पिण्डमा छैन अरूमा केवल फरक-फरक दुइ-दुइ रजवा रंगमात्रै हुन जान्छ। माया वा मूलप्रकृतिद्वारा आफआफ्नो रथ वा साथ सोम र सूर्यसमेत सबैलाई अक्षमाला तत्त्वको क्रमले ल्याइदिइन्। अक्षमालाको संकेत यस्तो छ—

श्रीमायाकामवाग्योगान्मातृकावर्णयोगतः।
अनुलोमविलोमभ्या मस्तोतरशतंजपेत् ॥

इति साधन समुच्चये ।

CC-0. In Public Domain. Digitization by eGangotri



अक्षमाला वा पिण्डहरूको रथनामक साँध (Orbit)-को नक्शा

CC-0. In Public Domain. Digitization by eGangotri

अनि ती सबै आफ्आफ्ना नियमित साँधमा वा रथमा ✽ रहेर सूर्यको आकर्षण-शक्तिद्वारा भुरुङ्भैँ घुम्दै सूर्यतिर गइरहेछन् । फेरि सूर्य पनि सपरिवार अर्थात् आफूबाट निस्केका सबै पिण्डहरू साथमा लिई सोमको आकर्षण-शक्तिद्वारा आफ्नो रथ वा साँधमा रही भुरुङ्-जस्तो घुम्दै सोमतिर गइरहेछन् । यसको संकेत वेदले केवल एक कण्डिकाले गरेको छ, त्यो मेरूतन्त्रको त्रयोदश प्रकाशमा भास्करको मूलतन्त्र भनी बताएको यस्तो छ—

आकृष्णेन रजसावर्तमानो निवेशयन्नमृतं मर्त्यं च हिरण्ययेन सविता रथेनादेवोयाति भुवनानि पश्यन् ।

इति श्रुति वचनम् ।

अत्र पहिले यस उक्तिको बाहिरी अर्थको व्याख्या गरिन्छ । यसको अन्वय यस्तो हुन्छ । आकृष्णेन-रजसा वर्तमानः अमृतं मर्त्यं च निवेशयन सन् हिण्ययेनरथेन भुवानि पश्यत् (सन्) सविता आदेवो याति । अर्थात्

✽ रम्यते अत्र । "रमुक्रिडायाम् कथन्" वा रमन्ते त्र अनेन वा । इति· रथः अर्थात् जसमा रमण गर्दछन् वा डुल्दछन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

आ (आलोपालो गरी घुम्ने)। कृष्णेन रजसा (रातको-लक्षणले) वर्तमान : (युक्त भएका)। अमृतं (देवतालाई)। मर्त्यं (मानिसलाई)। निवेशयन् (आफआफ्ना ठाउँमा राख्दा छँदा)। हिरण्ययेनरथेन (सुनको रथद्वारा अर्थात् सुनको रथमा बसेर) भुवनानि पश्यन् (भुवनहरूलाई-हेर्दै)। सविता (सूर्य) आदेवो (फेरि-फेरि बराबर)। याति (हिंडछन्)। यसको भावार्थ यस्तो हो। आलो-पालो गरी आउने रातको लक्षणले युक्त भएका सूर्य-देवताहरू र मानिसहरूलाई आफआफ्ना ठाउँमा राखेर सुनको रथमा बसेर भुवनहरूलाई बराबर हेर्दै हिंड्छन्। यस्तो बाहिरी अर्थमात्र भाष्यकारहरूले निकालेका छन्।

तर यो उक्तिको सांकेतिक भित्री रहस्य, अर्थ अर्कै छ। त्यसमा अन्वय यस्तो हुन्छ—आकृष्णेन रजसा च वर्तमानः हिरण्ययेन अमृतं मर्त्यं च निवेशयन् आदेवः सविता भुवनानि पश्यन् रथेन याति। अर्थात् आकृष्णेन (माथि भनेझैं–अमृतको थोपाको दागले)। रजसा (पूर्वोक्त सात रंगले।) वर्तमानः (युक्त भएका)। हिरण्ययेन (कान्तिद्वारा) अमृतं (ठूला पिण्डका समूहलाई)। मर्त्यं (साना पिण्डका

CC-0. In Public Domain. Digitization by eGangotri

समूहलाई) । निवेशयन् (आफआफ्ना साँधमा राख्दा छँदा) । आदेवः (भुरुंगभैँ घुमिरहने देवता) । सविता + (सबै पिण्डलाई जन्माउने सूर्य) । भुवनानि (सबै पिण्ड-हरूलाई ।) पश्यन् (हेर्दा छँदा) । याति (जान्छन् सोमतिर ।) रथेन (आफ्नो साँधबाट) । **यसको भावार्थ यस्तो हो ।** पूर्वोक्त आकृष्णरूपदाग र सातरज वा रंगले युक्त भएका आफ्नो कान्तिद्वारा ठूला र साना पिण्डहरुलाई आफआफ्नो नियमित ठाउँमा राखेर भुरुंगभैँ घुमिरहेका सबै पिण्ड निकाल्ने सूर्य आफ्नो साँधबाट सबै ती पिण्डहरूतिर हेर्दै सोमतिर जान्छन् ।

अब सूर्यबाट निस्केका पिण्डहरूतिर विचार गरौं । तीमध्ये प्रत्येकमा दुइ-दुइ वर्ण वा रंग मिलेर बन्यो भन्ने माथि वर्ण भयो । प्रकाशको प्रतिविम्बरूप सूर्य भएको र उनको प्रत्येक पिण्डमा दुइ-दुइ रज वा रग अर्थात् सूर्यको रजको ३ प्रतिविम्बरूप हुँदा ती प्रत्येक पिण्डमा प्रकाश वा चहक छ । तर आफू बसेको पिण्डको

+ सुवति । "षुप्रेरणे" । तृयत्तु सूयते, सूते—इति । स्वामिमुकुटाभ्या-मुक्तम् । तन्न: स्वरति सूति सूयति ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाश भने देखिंदैन । अरू ताराहरू झल्केको देखिन्छ । त्यसको कारण के हो भने प्रत्येक पिण्डलाई त्यसको सामान्याकाशले घेरेको हुन्छ अर्थात् केही योजनसम्म घनावायु अर्थात् बाक्लो हावाले घेरेको हुन्छ सूर्यको आकर्षणको जोड्ले त्यो सामान्याकाशमा तेजसित घुम्दा त्यताबाट विद्युच्छक्ति वा बिजुली निस्कन्छ र त्यसलाई त्यो संघर्षणबाट निस्केको नाद वा आवाज † वाग्बीजको रूपमा परिणत भएर त्यसको तत्त्व मायाबीजरूप प्रकृतिको तत्त्वद्वारा पिण्डमा रहेको क्रियाशक्ति-रूप कामबीजको तत्त्वमा लय भएर सो पिण्डभित्रको प्रकाश र उष्णतालाई अन्तर्गर्भित गराई "विच्चे" तत्त्वद्वारा तत्कालै रहनसहन ठीक हुन्छ सामान्याकाश बाहिरतिर भने "विच्चे" तत्त्वले बहिर्मुख परी दूरिकरण गरिदिएबाट सामान्याकाशबाट केही पर भएपछिमात्र यो प्रकाश देखिन्छ । लेख्दा यति लामो छ तापनि मनको र मन्त्रको गति तेजको गतिभन्दा पनि छिटो हुनाले यो

† एउटा मामूली पंखा घुम्दा त अवाज आउँछ भने यत्रो पिण्ड घुम्दा आएको अवाज कत्रो होला । सो सबै वाग्बीजमा लय हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वोक्त सबै काम तुरुन्त हुन्छ। यो कर्म छिटो-छिटो बराबर भइ नै रहँदा ताराहरू एकनास भई झल्केको र पृथक्-पृथक् रजोमय हुनाले फरक-फरक रंग वा वर्णका देखिइन्छन्। अतः यो चण्डिको नवार्ण महामन्त्रलाई "सर्वमन्त्रप्रदीपकः" भन्ने ठूलो स्थान रहेको छ। फेरि हरेक पिण्डमा मात्रै त के कुरा हरेक स्थावर जंगममा समेत यो विद्युच्छक्ति बिजुली अन्तरगत हुँदा हरेक चालको प्रयोगानुसार अडकल भएजत्तिमात्र बाहिर निस्केर नादब्रह्ममा मिल्न जान्छ।

यो माथि बयान गरेको चाल ठूलो पिण्डमा सूर्यदेखि मर्त्यसम्म नै यस्तै हुनाले हरेक पिण्डमा कुनै-कुनै किसिमका स्थावर जंगम प्राणीहरू छन्। तर सूर्य भने त्यस्ता आगोका डल्लाजस्ता त्यहाँ प्राणी कसरी बाँच्लान् किन डढ्दैनन् भन्ने प्रश्न उठ्न सक्छ। तर त्यस कुरामा पहिले हाम्रै पृथिवीको उदाहरण लिऊँ। यस पृथिवीमा सबै ठाउँमा एकै किसिमको मौसम नहुनाले ज्यास्तो जाड़ो मुलुकमा ज्यादा रौंले शरीर ढाकीएका जन्तुहरू त्यस ठाउँ सुहाउँदाका अरू पदार्थ

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन् । फेरि ज्यास्ती गरम देशमा नंगा जन्तुहरू गरमको राप सहन सक्ने बाक्ला छाला भएका हुन्छन् । अतः ती दुइ थरीमध्ये एक देशका जीवात्र अर्को देशमा बाँच्न सक्दैनन् । फेरि जलजन्तु स्थलमा र स्थलजन्तु जन्तु जलमा बाँच्न सक्दैन । प्रकृतिको खेल यस्तो अपार हुनाले हरेक पिण्डहरूमा त्यहाँ मौसम सुहाउँदा जीवाजन्तु र अरू पदार्थहरू छन् । अब अर्को कुरा यस्तो छ । यस पृथिवीमा पनि प्रकाश छ त्यसको प्रभाव विशेषतः हामीमा अनुभव हुँदैन भन्ने कुरा माथि वर्णन भयो । यस पृथिवीमा पनि सूर्यको दुइ खवर्ण अस्मानी रंग र पीतवर्ण पहेलो रंगको समभाग छ अर्थात् यी दुइ वर्णबाट चोइटिएर पृथिवी बनेको छ । ती वर्णहरू हामी देख्न सक्दैनौं । प्रकाशको हकमा उसै हामी देख्न सक्दैनौं तापनि वैज्ञानिक किसिमले उत्पादन गरेर विद्युच्छक्ति वा बिजुलीको रूपमा प्रकाश र उष्णताको अनुभव हुन सक्छ । बाहिरबाट भने यो पृथिवीमा पीत र खवर्ण मिलेका पूर्वोक्त नियमानुसार हरित्वर्णको तरारूप देखिन्छ । उष्णता वा आतोपनको हकमा

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशको भन्दा उष्णताको गति मन्द वा ढीलो हुनाले डाँड़ामा डढ़ेलो लाग्दा खाल्ड़ोबाट आगोको राँको देखिएर तातो नआएजस्तो गरी तातोपना टाढ़ासम्म पुग्दैन । त्यस्तै किसिमले सूर्य ज्यादा ठूला हुनाले र सातै रजपूर्ण हुनाले प्रकाश र उष्णता पनि ज्यादै वढ़ी हुने त स्वाभाविकै भयो, फेरि त्यहाँको सामान्याकाश पनि त्यसको अनुसार उस्तै ठूलो हुने भयो । त्यस कारणले त्यहाँको विद्युच्छक्तिको प्रभाव ज्यादै ठूलो हुनाले र त्यसमा सातरजसमेत हुनाले अवर्णको आगोको डल्लोजस्तो टाढ़ोबाट देखिन गयो। धेरै नै वढ़ी राप र अरू पिण्डमा जाने पूर्वोक्त हीश्री वा हीस्सी र सामरससमेत किरणमा मिलेकोले त्यसको उष्णता वा राप पनि सबै पिण्डमा अनुभव हुने भयो । तर पूर्वोक्त नवार्णको तत्त्वको प्रभावले सूर्यभित्रका कसैलाई पनि त्यो प्रकाश र उष्णताको असर विशेषतः नपर्ने भयो । अतः हामी जो बलेको देख्छौं त्यो सूर्यको सामान्याकाश वा त्यसलाई घेरेको वायुमण्डल हो, स्वयं सूर्य होइन । अरू पिण्डरूको टल्काइ पनि यस्तै हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

अब पृथिवीमा पीत र स्वर्ण भएको अनुमान कसरी हुन्छ भने पृथिवी पूर्वाम्नायात्मक देवता र उनको मन्त्र शारदातन्त्रमा यस्तो छ—

"हृदयं भगवत्यै स्याद्धरण्यै तदन्तरम् ।

धरण्यन्ते धरेद्वन्द्वं द्विठान्तोयं ध्रुवादिकम् ॥

यसो हुनाले "धरणी" भन्ने पदबाट "ल"-बीज बुझियो । त्यस तत्त्वको पीतवर्ण हुन्छ । फेरि "ध्रुवः" भन्ने कामबीजको नामान्तर हो । कामबीजको तत्त्व पूर्वाम्नायात्मक अवस्थामा स्वर्णको हुन्छ । फेरि ध्यान यस्तो छ—

"श्यामां विचित्रांशुकरत्नभूषणाम् ।

पद्मासनां तुङ्गपयोधराननाम् ॥

इन्दीवरद्धे नव शालिमंजरीम् ।

शुकं दधानां वसुधां भजामः ॥"

यहाँ "श्यामा" भन्नाले आकाशवर्ण सम्झनपर्छ । किनभने विष्णु, कृष्ण, काली इत्यादि सबैको ध्यानमा "श्याम" भनेको "आकाशवर्ण", "घनश्याम" भनेको "नीलवर्ण", "महाश्याम" भनेको "कालो वर्ण" र

CC-0. In Public Domain. Digitization by eGangotri

"शुकश्याम" भनेको "हरियो वर्ण" सम्झने संकेत हुन्छ । अनि स्वयं "वसुधा" पद पार्थिव तत्त्व पहेंलो वणको सूचक हो । "रत्न" पद प्रकाश वा टलकको सूचक हो । "शुकं" अर्थात् सुगा हातमा लिएको हरियो देखिने सूचक हो ।

पृथिवीको मूलमन्त्र यो तान्त्रिक यसको संकेतार्थबाट यति पत्ता लाग्यो । अरू ग्रहहरूको वैदिक मन्त्र मूलमन्त्र भएबाट धेरै प्रयासबाट मात्रै बुझिने हुनाले मैले पत्ता लगाउन सकेको छैन । अतः कोही विद्वान महात्माले सो पत्ता लगाई मलाई उपदेश वा गुहारमात्रै भए पनि दिनुभए ठूलो कृपा सम्झी कृतकृत्य हुने थिएँ ।

अब अरू पिण्डको विषयमा मलाई ज्योतिष विज्ञानको विशेष ज्ञान नभएबाट केवल तीमध्ये कसै कसैको संज्ञासम्म दिन सक्छु । ती यस प्रकारका छन्— दिक्पाल नामका १० छन् । ती के-के हुन् भने इन्द्र, अग्नि[१], यम, नैऋत्य, वरूण, वायु[२], कुवेर, ईशान, ब्रह्मा[३]

१ अग्नि यो आगो होइन जस्तै बलेको ज्वाला जस्तो देखिने तारा ।

२ यो वायु हैन वायवीय देह भएको विशेष नदेखिने तारा ।

३ सोमबाट सूर्यमा अमृत चुहुने ठाउँनेर हीश्रीलाई पोषण गर्ने यसलाई प्रजापति तारा पनि भन्छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

र अनन्त। अनि ग्रह ६ छन्। ती के-के हुन् भने सूर्य, मंगल, बुध, बृहस्पति, शुक्र र शनि। फेरि उपग्रह ३ छन् ती के-के हुन् भने चन्द्र, केतु[५] र राहु। चन्द्रचाहिं पृथिवीको साह्रै नै नजीक भएकोले हामी यहाँका वासिन्दाहरूले यो चन्द्र उपग्रह भए तापनि ग्रहकै दृष्टिले मान्नुपर्छ। अरू ग्रहका चन्द्रलाई मान्दैनौं। चन्द्रको बारेमा अरू ग्रहको पनि यस्तै नियम छ। अनि फेरि १२ भिन्न-भिन्न आकारका राशि वा समूह भएर निश्चित कक्षामा घुमिरहन्छन्। तीनलाई राशि × भन्दछन्। ती के-के भने मेष, वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, वृश्चिक, धनु, मकर, कुम्भ, अनि मीन। सायद हाम्रो सौरजगत्को साह्रै नजीक सानो अर्को सौरजगत् हुनुपर्छ जसलाई हामी ध्रुवतारा र सप्तर्षितारा

---

४ अनन्त पृथिवीभित्र रहने तारा भन्नाले पृथिवी नै हो।

५ पृथिवीको छायाँ केतु हो। फेरि पूर्वोक्त केतु वा धूम्रकेतु पनि हो।

६ राहु सूर्य, चन्द्र, र पृथिवीको अन्तरको छायाँ रूप।

× यी राशिहरूलाई स्त्री रूप पिण्ड भनेर वेदले मानेको छ किनभने यिनको भिन्न भिन्नाको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दछौं। किनभने यिनको संज्ञासम्म भेटिन्छ, फेरि आँखाले पनि देखिन्छ। तर ज्योतिष विज्ञानमा यिनको विषयमा विशेष अरू केही देखिंदैन। त्यस उसले ध्रुव-तारा ज्यादै उज्यालो र सप्तर्षि ७ तारा समूहजस्तो त्यसको नजीक देखिएबाट ध्रुवतारा रूप सूर्यबाट ७ ग्रहरूप सप्तर्षि निस्केर यतिबाट मात्रै उपसौरजगत् बन्यो कि भन्ने अनुमान हुन्छ। फेरि तन्त्र बीजकोशले "ध्रुव" पदले "अ" "उ" अनि कामबीज यी तीनध्ये एकलाई बुझाउँछ। "अ" तत्त्व प्रकाश नै भयो। सृष्टिकला "उ" तत्त्व स्थितिकला र कामबीजको तत्त्व क्रियात्मक भन्ने माथि वर्णन भएकै छ। अतः माथि बताएजस्तो अनुमान हुन्छ यो मेरो विचारको मात्रै अनुमान हुनाले भ्रम पनि हुन सक्छ।

अब हाम्रो वा यस पृथिवीको चन्द्रको बारेमा विचार गरौं। पूर्वोक्त किसिमले यस पृथिवीमा खण्ड प्रलय हुंदा एउटा सानो चोइटा उछिट्टिएर जाँदा यो चन्द्र बन्न गयो। यो पनि पूर्वोक्त अरू पिण्डहरूजस्तै भई आकर्षणशक्ति र मण्डूकले युक्त छ। यो पृथिवीको

CC-0. In Public Domain. Digitization by eGangotri

आकर्षणशक्तिको प्रभावले आफ्नो रथ वा साँधमा रहेर पृथिवीमा चक्कर मारिरहन्छ । यो पृथिवीबाट निस्केको हुनाले यसमा रज वा रंग र प्रकाश छैन त्यस उसले यसमा कालाग्निरुद्रको ताप बहुतै कम छ तापनि सूर्यको किरणको तापले कहिलेकाहीं प्रकोप भएर ज्वालामुखी फुटछ तर चाँड़ै नै सेलाउँछ । अतः यसमा रज नहुनाले यो हिउँजस्तो रंगको हुनाले यसलाई हिमांशु पनि भन्दछन् । सबै पिण्ड़हरूमा आकर्षण शक्ति हुनाले प्रत्येक पिण्डमा परस्पराकर्षण अर्थात् उसले उसलाई तान्ने उसले उसलाई तान्ने भइनै रहेछ, तर सूर्यको बलिया आकर्षणको प्रभावले यो उस्तो याद हुँदैन । चन्द्र भने पृथिवी भन्दा धेरै नै सानो छ तापनि यो ज्यादै नजीक हुँदा यताबाट त्यो चन्द्र झण्ड़ै सूर्य जत्रो देखिन्छ र त्यसको आकर्षणको तोड़ पनि यहाँ परेको समुद्रको छालबाट अनुभव हुन्छ । त्यस उसले यस पृथिवीमा हामीहरूले अरू ग्रहकै सरह यसलाई अमृत वा अमर भनेर देवता नै मानेका छौं । सूर्यबाट सिधा ननिस्किएर पृथिवीबाट निस्किएको हुनाले चन्द्रमामा

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाश नहुनाले यो हिउँको जस्तो वर्णको हुनाले सूर्यको किरण पर्दा ज्यादै चहकिलो हुन्छ र त्यही प्रकाशको प्रभावले त्यसभित्र रहेको कालाग्निरूद्रको उष्णतालाई सहायता हुन्छ र पृथिवीबाट पनि झल्केको देखिन्छ। सूर्यबाट किरणद्वारा हीश्री वा हीस्सी सोझै यस पृथिवीमा झर्छ। सोमरस वा अनृत भने चन्द्रमा झर्दछ र चन्द्रमामा सूर्यबाट भएको प्रकाशको किरणद्वारा पृथिवीमा झर्छ। अतः सोमरस झार्ने हुनाले चन्द्रमालाई पनि "सोमान्य" वा "सोम"-नै भनेको हो। चन्द्रमा स्वयं प्रकाश नहुनाले अरू तारा जस्तो सधैं झल्किएको देखिंदैन। किनभने सूर्यको प्रकाश त चन्द्रमाको आधा भागमा हमेसा परिनै रहेको हुन्छ तथापि सूर्यको पृथिवीको बीचमा यो चन्द्रमा पर्न जाँदा टल्केको भाग अर्थात् चन्द्रमामा घाम लागेको ठाउँ अँध्यारो वा नटल्केको भाग पृथिवी-बाट देखिन जान्छ। त्यसलाई अमावास्या तिथि भन्छन्। फेरि सूर्य र चन्द्रमाको बीचमा पृथिवी पर्न जाँदा

× यो सोम चन्द्रमा (Moon) हो।

CC-0. In Public Domain. Digitization by eGangotri

टल्केको भाग पृथिवीबाट देखिने हुनाले त्यसलाई पूर्णिमा भन्दछन् । फेरि उज्यालो हुंदै जाने पक्षलाई शुक्लपक्ष र अँध्यारो हुँदै जाने पक्षलाई कृष्णपक्ष भन्दछन् । एकपक्ष करीब १५ दिनको हुन्छ । नक्शाबाट यो कुरो यथार्थ बुझिनेछ । यही तिथीलाई विमर्शको १५ प्रकारको नाम र रूपले व्याप्त गरेर सोही रूपको मन्त्रको तत्त्वद्वारा यस पृथिवीमा अमृत वा सोमरसको वृष्टि भइरहेछ स्वयं महात्रिपुरसुन्दरी रूपले सर्वत्र योग्य भागमा विभाजित गराई रहन्छिन् । यस बिषयमा संकेत यस्तो छ—

विमर्शरूपिणी विद्या षोडशी या प्रकीर्तिता ।
गतासा षोडशैर्भेदै स्त्रिपुरापरमेश्वरी ॥

सुन्दर्यादि महापूर्व विचित्रान्तं सगन्ततः ।
स्वागमा देव वोधव्य मिति संकेतमात्रतः ॥

प्रतिपत्प्रभृतौ देव्याः पौर्णमाश्यान्तिकं प्रिये ।
एकैकं पूजयेद्यस्तु ससौभाग्य मवाप्नुयात् ॥

CC-0. In Public Domain. Digitization by eGangotri



चन्द्रमाको कलाहरूको नक्सा

CC-0. In Public Domain. Digitization by eGangotri

ती सब १६ लाई षोडशनित्या वा तिथिनित्या-कला भन्दछन् । ती यस प्रकारका छन् ।

तिथिनित्या	शुक्लपक्ष तिथि	कृष्णपक्ष तिथि	वर्णतत्त्व
कामेश्वरो ।	प्रतिपदा ।	अमावाश्या ।	अँ
भगमालिनी ।	द्वितीया ।	चतुर्दशी ।	आँ
नित्यक्लीन्ना :	तृतीया ।	त्रयोदशी ।	इँ
भेरूण्डा ।	चतुर्थी ।	द्वादशी ।	ईँ
वह्निवाशिनी ।	पंचमी ।	एकादशी ।	उँ
महाविद्येश्वरी ।	षष्ठी ।	दशमी ।	ऊँ
शिवदूती ।	सप्तमी ।	नवमी ।	ऋँ
त्वरिता ।	अष्टमी ।	अष्टमी ।	ॠँ
कुलसुन्दरी ।	नवमी ।	सप्तमी ।	ऌँ
विमला ।	दशमी ।	षष्ठी ।	ॡँ
नीलपताका ।	एकादशी ।	पंचमी ।	एँ
विजया ।	द्वादशी ।	चतुर्थी ।	ऐँ
सर्वमंगला ।	त्रयोदशी ।	तृतीया ।	ओँ
ज्वालामालिनी ।	चतुर्दशी ।	द्वितीया ।	औँ
विचित्रा ।	पौर्णमास्या ।	प्रतिपदा ।	अँ

CC-0. In Public Domain. Digitization by eGangotri

अः तत्त्वचाहिं महात्रिपुरसुन्दरीमा मिलेर सर्वत्र र सधैं व्याप्त भएर रहन्छ। पुराणादि अरू शास्त्रमा तल्लो अन्तरिक्षमा देखिएको मात्र विशेषतः वर्णन हुनाले यो सौरजगत् वा ब्रह्माण्डको मात्रै वर्णन गर्छ। त्यस उसले सोमरस दिने चन्द्रमालाई नै मानेर उनैलाई सीमा मानेको छ। कतै-कतै अनन्तकोटि ब्रह्माण्ड छन् ती सबैभन्दा माथि वैष्णव ग्रन्थले गोलोक र शक्ति-ग्रन्थले मणिद्वीप छ भन्ने पनि बयान गरेको छ। फेरि "पृथिवीलाई सूर्यले घुम्दछन्" भनी लेखेको छ। यो कुरा त त्यसभन्दा पनि निस्केको ज्योतिषशास्त्रले काटेको छ। ती पुराणादिहरूले गोलोक वा मणिद्वीप भनेर सोमलाई नै संकेत गरेको हो कि भनेजस्तो बुझिन्छ। वेद र तन्त्रको संकेतबाट भने धेरैजसो आधुनिक विज्ञानसित मिल्नेजस्तो देखिन्छ। यसबाट अनुमान हुन्छ कि महाभारतमा धेरैजसो संकेतहरू लड़ाईंमा मरे बाँकी भएका बूढाहरू वानप्रस्थाश्रम ग्रहण गरेर जंगल पसे अनि व्यवहारिक रोचक ग्रन्थहरूले स्थान पाएबाट श्रुतिको संकेतार्थ पनि सबै धेरैलाई आफ-

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो परपम्पराको ज्ञान नहुँदा यो लोप भएजस्तो भएको बुझिन्छ। तर यसमा चाख राख्नेहरूमा त पूर्णतया कसैमा कुनै आफआफ्नो गुरू परम्परानुसार ज्ञान छँदैछ। महाभारतपछि बौद्ध काल आयो अनि मुसलमानी त्रास त्यसपछि हालसम्म पनि पाश्चात्य ठाँटले सबै हाम्रा प्राचीन शास्त्रहरूलाई लात मारेर बेकम्माको टोकरीमा फालिदियो। कोही कोही यसको थोर बहुत संकेतज्ञहरू पनि पेच र ईर्ष्याको जालले ढाकिएर हाहामा उडेर बहुला हुन पर्ला भन्ने डरले लुकेर चूप भई केही नजान्ने लट्ठकभएर बस्न पऱ्यो। अनि त्यसको मृत्युको साथै सो विद्या पनि हराएर गयो। यस्तै भएर कति संकेत विद्या हराए होलान्। कति हराउँदै होलान्। फेरि कति लिखित संकेतको मर्म नबुझी आफलिएका ग्रन्थहरू पैसाको लालचले उड़ाएर पराईको पोल्टामा पुगी लुकीलुकी बसी-बसी आफ्नो रस चपाएर आफ्नो नाम अरूले चोरेको देखेर डिच्चिरहेछन्।

"सोम" भन्ने संज्ञाले ३ पिण्डलाई बताउँछ। आदिको पिण्ड सोम जो हो उसलाई "सोम" वा

CC-0. In Public Domain. Digitization by eGangotri

"विश्वसोम", जसमा सूर्यको किरणद्वारा विश्वसोमबाट झरेको सोमरस वा अमृत आल्पादित हुन्छ। जसद्वारा पृथिवीमा सोमरस चुहुन्छ तीनलाई पनि "सोम वा चन्द्रसोम" फेरि जो विश्वसोमको ज्यादै नजीक भई सिधै सोमरस त्यसबाट पाउँछ तिनलाई पनि सोम वा कुवेरसोम अथवा "दिकपतिसोम" भन्दछन्। यी तीनैजनाको श्रुतिले भिन्ना-भिन्नै कण्डिकाले बयान गरेको छ त्यो यस प्रकारको छ।

भैरव तन्त्रमा आदि सोमको मूलन्मत्र भनेर बताएको कण्डिका यस्तो छ।

इमन्देवा असपत्न ७ं सुवध्वं महतेक्षत्राय महते ज्येष्ठाय महते जानराज्यायेन्द्रस्येन्द्रियाय इममुष्यपुत्रममुष्यै-पुत्रमस्यै विश एषवोमि राजा सोमोस्माकं ब्राह्मणाना ७ं राजा ॥

अवन्यः– (हे) देवाः। एषः वः अमीः राजासोमः अस्माकं ब्राह्मणानांराजा (अस्ति)। (अतः) इमं (सोमं) महते क्षत्राय महतेज्येष्ठाय महतेजानराज्याय इन्द्रस्य इन्द्रियाय मुअष्यपुत्रं इमम् अस्यै विशे असपत्नं सुवध्वम् ॥

CC-0. In Public Domain. Digitization by eGangotri

व्याख्या :-- यी सोम हाम्रो ब्रह्माण्ड वा सौरजगत्‌बाट बाहिर रहेका हुनाले यिनलाई नपुकारेर यिनको मन्त्रमा यिनको जागृतिको लागी यहाँ कै सौरजगत्‌का ठूलठूला देवरूप मानिएका पिण्डहरूलाई पुकारेको हो। हे देवाः ! (हे देवरूपपिण्ड हो !)। एषः (यो)। वः (तिमीहरूको)। अमी (मीयतेमींङ्) वधार्थ विग्रहे वा हिंसाथक्रियमीः। अर्थात मार्ने नमीः अमीः नञ्‌समास भएर नमार्ने भन्ने अर्थ हुनाले "अमी" भन्नाले "रक्षक" संझन पर्‍यो। राजा (मालिक् ·सोमः। विश्वसोम)। अस्माकं (हामीहरूको) ब्राह्मणनां (ब्रह्मैवाहं भन्ने र "अहमेवात्मा" भन्ने श्रुति-वचन हुनाले यहाँ "ब्रह्म" भन्नेले "आत्मा" बुझियो। फेरि ब्रह्मणो पत्यम्। "तस्या पत्यम्।" इत्यण् "अन्।" इति टिलोपेन ब्राह्मणः अर्थात् जीवः तेषां ब्राह्मणानां वा जीवानां अर्थात् जीवहरूको)। राजा (मालिक् "हुन्")। (त्यस उसले) इमम् (यसलाई यस सोमलाई)। महते क्षत्राय (ठूलो क्षत्र वा संपत्तिको लागी)। महते जेष्ठाय (ठूलो श्रेष्ठत्व अर्थात् इज्जत र संमानको लागी)। महते जान राज्याय (जनयतीतिजनः जो अर्थात् जन्मिन्छ वा जन्माउँछ

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसको जनसंज्ञा हुन्छ । "तत्माद्ब्रह्माण्ड़मुत्पन्नं" भन्ने शिवस्वरोदयादि आगमहरूको वचन हुनाले र फेरि ब्रह्माण्डैबाट अनेकन वस्तुको उत्पादन हुने हुनाले "जन" भनेका " ब्रह्माण्ड नै" संज्ञन पर्‍यो। अब जनानां इदं भन्नाले "पूर्वोक्त सबै साना ठूला पिण्डहरू" संज्ञन पर्‍यो। जानं च तद्राज्यं तस्मै जान राज्याय अर्थात् सबै पिण्डहरूको स्वामित्वको लागी)। इन्द्रस्य इन्द्रियाय (इन्दति इदिपरश्वर्यं इति रन्। इन्द्रः अर्थात् ठूलो संपत्तिले परिपूर्ण भएको वस्तु भन्नाले मनबुद्धि-चित्ताअहंकारादिरूप परमैश्वर्यले युक्तभएको "आत्मा" संज्ञन पर्‍यो अथवा पुष्पादि परमैश्वर्यले युक्तभएको सोमरस वा अमृत संज्ञन पर्‍यो। तसर्थ यहाँ एक ठाउँमा "इन्द्र+ङस् = इन्द्रस्य" भन्ने र अर्को ठाउँमा "इन्द्रस्य" अयं इन्द्रिय इन्द्रिय भइकन इन्द्रिय+ङे = इन्द्रियाय भन्ने दुइ ठाउँमा "इन्द्र" पद देखिनाले "इन्द्रस्य भन्नाले" "सोमरसस्य" अर्थात् सोमरस वा अमृतको र "इन्द्रियाय" भन्नाले आत्मनः अयं आत्मीय अर्थात् वीर्य संज्ञन पर्‍यो। अतः "इन्द्रस्य इन्द्रियाय भन्नाले" ओज वा "सोमरसात्मक-

CC-0. In Public Domain. Digitization by eGangotri

छीश्री वा फुर्तिलो हीस्सीको लागी भन्ने अर्थ हुन्छ । "अमुष्यै पुत्रं" (तद् शब्द र "अदस्" शब्दले ब्रह्म वा ब्रम्हशक्तिको संकेत हुने हुनाले "अमुष्य" भन्नाले "परशिवस्य" भन्न पर्‍यो । पुनाति पूयते वा "पूज्पवने" "पुवो ह्रस्वश्च" इति क्रः । "पुत्रः भन्नाले" "पवित्रीकृत्त वा पूततत्व" संभ्झन पर्‍यो । अब अमुष्य पुत्रंप परशिवको पूततत्व" भन्ने संज्ञनाले यसको अर्थ "विकर्षणात्मक तत्त्वलाई" भयो ।) अमुस्यै पुत्रं यहाँ- "अदस्" शब्द स्त्रीलिंगमा प्रयोग भएबाट "अमुष्यै" भन्नाले "पराशक्तै भन्न पर्‍यो ।" त्यसउसले माथि बताएझैं प्रकारले अर्थ गर्दा "अमुष्यै पुत्रं" भन्नाले "परशक्तेः पूततत्त्व अर्थात् परशक्तिको पवित्र भएको "तत्त्व" भन्नाले "आकर्षणात्मक तत्त्वलाई" भन्ने अर्थ भयो अस्यै यहां फेरि "इदम्" शब्द स्त्रीलिंगमा प्रयोग हुंदा "अस्यै" भन्नाले "मूलप्रकृत्यै" अर्थात् मूल प्रकृतिको लागी । विशे (मानिसको लागी भन्नाले सबै प्राणीको लागी भन्ने संभ्झन पर्‍यो) । इमम् (अगिल्लो 'इममूले "सोम को संकेत भयो अब यो "इमम् ले "प्रकाश रूप शिव" को संकेत संभ्झनपर्दा "इमम्" भन्नाले "प्रकाश"

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् प्रकाशलाई भन्ने अर्थ हुन्छ । असपत्नं (सपत्नीव । "व्यन् सपत्ने ।" इति निर्देशादकारः । इर्यति विरोधं । "ऋ गतौ" । अच इ : । अर्थात् विरोधी । फेरि नञ् समास गरेर "असपत्नं" भन्नाले अविरोधी वा निर्वि-रोधी भन्ने अर्थ भयो । अनि यहां द्वितीयान्त हुनाले "निर्विरोधी गराउनलाई भन्ने सम्झन पर्‍यो ।) सुवध्वम" (प्रेरणागर) । अब सवै यस कण्डिकाको अर्थ यस्तो भयो — "हे देवरूपी पिण्ड हो यी तिमीहरूका रक्षक राजा सोम हाम्रा" जीवहरूका पनि मालिक हुनाले ठूलो संपत्तिको लागी ठूलो इज्जत र संमानको लागी पिण्डमा टिक्नको लागी ओज वा अमृतात्मक ह्रीश्रीको लागी ग्निनी सोमलाई र विकर्षणाकर्षणात्मकतत्त्वलाई मूल प्रकृतिको र सवै प्राणीको लागी निर्विरोधी गराउने प्रेरणागर ।" भावार्थ–हे ठूला पिण्ड हो तिमीहरूको हिडाईमा सोमकै अधिनमा रहेर उनैको चालको अनु-सरण गरेर आफ आफ्नो सांध ननाघि हिंडेर दूषित तत्त्वद्वारा कसैलाई बाधा नपरोस् । छोटकरिमा आफ आफ्नो ठाउँ नछाडेर सोमको हिफाजत गर भनेको हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

अब यस कण्डिकाबाट कति कुरा बुझिन्छ भने विश्व सोम हाम्रो सौरजगत्‌बाट अलग साह्रै ठूलो देहका रहेछन् त्यसैले यताबाट उनीमा पुकारा गर्न ठूलो देह भएका पिण्डहरूलाई गुहार्न पऱ्यो । फेरि संपत्ति, संमान, पिण्डको स्वामित्व अर्थात् पिण्डमा टिक्ने ताकत र ओज सोमबाट सोमरसद्वारा अनि प्रकाशद्वारा पूर्वोक्त प्रकरणहरूमा बताएकै मूलप्रकृति, विकर्षणाकर्षणतत्त्व र प्राणीहरू अर्थात् जीवात्माहरू बन्दारहेछन् ।

मेरू तन्त्रमा मूलमन्त्र भनेर बताएको कण्डिका यस्तो छ—

"आप्यायस्व समेतु ते विश्वतः सोमवृष्ण्यम् ।
भवावाजस्य संगथे ॥"

अन्वय– हे चन्द्र विश्वतः ते सोमवृष्ण्यम् समेतु आपायस्व आवाज संगथे भव ।

व्याख्याः–यो चन्द्रको मन्त्र हुनाले चन्द्रलाई संबोधन गरेर भन्छ । हे चन्द्र विश्वतः (विशति विशप्रवेशने वन् अर्थात् सबैमा पस्नेवालाहुनाले सूर्यको किरणलाई विश भन्ने संज्ञा भयो । अतः "विश्वतः" भन्नाले

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्यको क्रिरणवाट भन्ने अर्थ हुन्छ)। सोम वृष्ण्यम् (वर्षति । "वृषुसेचने" निः इति वृष्णः। तस्यैदम् वृष्ण्यम अर्थात् वृष्टि हुने वा वर्षने पदार्थ। "सोम एव वृष्ण्यं सोम वृष्ण्यं भन्ने मध्यपदलोपी कर्म्मधारय समास भएर यस्को अर्थ सोमरस वा अमृत रस भयो) (ते तिम्रो लागी युष्मद् शब्द निमित्तार्थ चतुर्थीमा प्रयोग भएको छ)। समेतु (जम्माहस्)। आप्यायस्व (परिपूर्ण होऊ । अर्थात् आप्लावित होऊ)। आ (आवर्तमान अर्थात् आलोपालो गरि उब्जाभै रहने वाजस्य (अन्नको अर्थात खानेकुराको)। संगथे (तुमुनार्थे चतुर्थी हुनाले पाउनालागी भव (होऊ)। अब सबै यस कण्डिकाको अर्थ यस्तो भयो। हे चन्द्र ! तिम्रो-लागी सूर्यको किरणवाट सोमरस वा अमृत जम्मा हवस् यसबाट आप्लावित होउ र आलोपालो गरी उब्जारहने खाने कुरा पाउनालागी होउ अर्थात् त्यसद्वारा हामी खाने कुरा खान पाऔं।।

अब यस कण्डिकावाट कति कुरा बुझिन्छ भने। यो मन्त्रमा प्रकाशको बारेमा सूर्यको किरण बाहेक अरू केही कुरा नहुंदा यस पिण्डमा स्वयं प्रकाश छैन। फेरि

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्यका किरणबाट आएको सोमरस यहाँ चुहाएर अनाजको उत्पादन गराउने हुनाले यसलाई पनि "सोम" भनेको हो।

भैरव तन्त्रमा कुबेरको मूलमन्त्र भनेर बताएको कण्डिका यस्तो छ—

सोमो धेनु सोमो अर्वन्तमाशु सोमोवीरं कर्मण्यं ददाति।
सादण्यंविदथय समेयं पितृ श्रवणं यो ददाशदस्मै ॥

अन्वयः– यः विश्वसोम अस्मै कुबेराय सादन्यं विदथ्यं समेयं पितृश्रवणं ददाशत सः सौमः धेनुं आशुं अर्वन्तं वीरं कर्मण्यं ददाति।

व्याख्याः–यः जो विश्वसोम अस्मै सम्प्रदाने चतुर्थी हुनाले "यस कुबेरलाई" भन्ने अर्थ हुन्छ सादन्यं व्यवहारी ज्ञानदिने सोमरस वा अमृत पितृश्रवणं पितृ भनेको "वायु" तत्सर्थ नादविन्दु या नादब्रम्हबाटै सोम बनेको र "श्रुयते यत्" श्रवणं भन्नाले नाद वा शब्द हुनाले "पितृश्रवणं" भनेको नादब्रम्हबाट सोममा आएको नाद भन्न पऱ्यो यहां यी चारवटै पदको भावार्थ के हो भने सादन्यं भन्नाले हलचल गर्ने शक्ति

CC-0. In Public Domain. Digitization by eGangotri

पितृश्रवणं भन्नाले सुननेशक्ति यति चार प्रकारका शक्ति दिने सोमरस वा अमृत भनेको हो ददाशत् चकस दिन्छ अर्थात् चुहाउँछ सः त्यो सोमः विश्वसोम धेनुं गाई अर्थात् दुहुनु पदार्थ भन्नाले पुष्टि आशुं अर्वन्तं "आशु" भनेको छिटो त्यस पदार्थलाई आर्ष प्रयोग गरेर हिड्ने पदार्थ बुझाउने 'अर्वन्त" को विशेषण गराएबाट "आशुं अर्वन्तं भन्नाले "छिटो" हिड्ने वस्तु भन्ने अर्थ भएबाट तेज वा प्रकाश भन्ने सम्झनु पऱ्यो वीरं वीर्य कर्ममयं कामगर्ने ददाति दिन्छ । अब सबै यस कण्डिकाको अर्थ यस्तो भयो–जुन विश्व सोमले कुबेरलाई हलचल गर्न, जान्ने बुझ्ने, बोल्न सक्ने र सुन्न सक्ने शक्तिमय सोमरस चुहाउँछन्, उनि सोम पुष्टि दिन्छन् उनै सोम प्रकाश दिन्छन् फेरि उनै सोम वीर्य र काम गर्ने ताकत पनि दिन्छन् । अर्थात् छोटकरीमा सोमबाटै कुबेरले सोमरस र प्रकाश पाउँछ । यसबाट के बुझिन्छ भने यो कुबेरसोम विश्वसोमको ज्यादै नजिक र सूर्यबाट ज्यादै टाढा हुनाले सूर्यको प्रकाशसम्म पनि यसमा पुग्दैन त्यसैले विश्वसोमको आत्मीय जस्तो भई ज्यादै

CC-0. In Public Domain. Digitization by eGangotri

नजिक रहेको र यस पिण्डलाई आफुबाट ज्यादै टाढा रहेको सूर्यसितको परस्पर सूक्ष्माकर्षण बाहेक अरू प्रकाशादिको प्रयोजन नहुनाले यो कुबेर पिण्डलाई पनि सोमान्य वा अर्को सोम नै भन्ने संज्ञा हुनु गयो।

यी सबै पिण्डहरूको यथार्थ कुराहरू ज्योतिष विज्ञानमा होला वा महानीलतन्त्रको उत्तरार्द्धमा होला त्यसको मलाई ज्ञान नभएबाट दिन नसकेमा क्षमा प्रार्थी छु। मैले त यस सानो लेखमा केवल मन्त्र शास्त्रको पनि मातृका विलासको विषयमा र मन्त्रोत्पत्ति विषयमा जानेको दर्शाएं। यो भुवनको सामान्याकाशहरूको उत्पत्तिभएको अध्वलाई भुवनाध्व भन्छन्।

यो छोटो लेखमा दिग्दर्शनको रूपमा मातृका विलासको साथसाथै विश्वविकाश र मन्त्रोत्पत्ति समेतको वर्णन भयो। मृत्युञ्जयमन्त्र, प्रासादी महाविद्या, महामन्त्र, कुलमार्तण्ड सूर्यमन्त्र, नवार्णमहामन्त्र र प्रणव, कूर्चबीज, वाग्बीज, श्रीबीज, मायाबीज, फेरि चारैवेदका महावाक्यहरू र वेदमाता गायत्री मन्त्रको उत्पत्ति समेतको संक्षेपले वर्णन भयो। म नै अपूर्णछु पूर्णतया

CC-0. In Public Domain. Digitization by eGangotri

त कसोरि वर्णन गरौं। अतः मेरो केही त्रुटि भएमा पाठक वर्गमा क्षमा प्रार्थना छ। अब अर्को लेख लेख्ने अनुकूल मिल्योभने मन्त्र प्रयोगको यथाज्ञान वर्णन गर्नेछु। किं बहुना।

इति श्री धनशमशेरजंगवर्णणाविरचिते श्री तान्त्रिक विज्ञान दर्पणे भुवनाध्ववर्णनाम: सप्तम: पटल: ॥

स्थापना २०३६
298.252
रा १५ त

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri